# सन्धिखर्क शैक्षिक दर्पण

वर्ष १ अङ्क १ वैशाख, २०७८



प्रकाशक

**सन्धिखर्क नगरपालिका**

अर्घाखाँची



दोस्रो उपमेयर कप क्रिकेट उद्घाटन समारोहको झलक






स्थानीय पाठ्यक्रम निर्माण अन्तरक्रिया कार्यक्रम

**सम्पादन सल्लाहकार**

**कमलप्रसाद भुसाल**

नगरप्रमुख

**ठाकुरकुमार वि.क.**

नगरउपप्रमुख

**कृष्णप्रसाद सापकोटा**

प्रमुख प्रशासकीय अधिकृत

**प्रधान सम्पादक**

**युगलनारायण बसेल**

उपसचिव

**सम्पादक**

इश्वरीप्रसाद भुसाल, सा. वि. स. संयोजक

मञ्जु आचार्य, शिक्षा अधिकृत

नमबहादुर सिंह भाट (प्र.अ.)

युवराज भुसाल (मा.शि.)

जनकप्रसाद बस्याल (मा.शि.)

**टंकण (टाइपिङ)**

महेश्वर पन्थी (मा.शि)

शालिकराम नेपाली (एम.आइ.एस अपरेटर)

**प्रकाशकः**

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सन्धिखर्क अर्घाखाँची**

**फोनः ०७७-४२०८८२, ४२०११२**

**E-mail: sandhikharkamunicipality@gmail.com**

**URL:-http://www.sandhikharkamun.gov.np**

मुद्रणः **प्रभात प्रकाशन प्रा. लि.**, बुटवल फोनः ९८५७०७०३३४

# सम्पादकीय

व्यक्तिमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने माध्यम नै शिक्षा हो । शिक्षाबाट नै व्यक्ति र समाजलाई गतिशील बनाउन सहयोग पुग्छ । यो निरन्तर चल्ने प्रक्रिया भएकोले सधैँ विकासको क्रममा हुन्छ । नेपालको संविधान २०७२ ले संघीय प्रदेश र स्थानीय तह गरी तीन तहको मूल शासकीय संरचना हुने गरी राज्य सञ्चालनको व्यवस्था गरेको छ । संविधानका अनुसूचीहरूमा संघ प्रदेश र स्थानीय तहको साझा र अलग अलग अधिकार सूचीको व्यवस्था गरे बमोजिम शिक्षालाई पनि साझा र अलग अलग अधिकारमार्फत सम्बोधन गरिएको छ । मुख्यत माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको कार्यान्वयन गर्ने धेरै अधिकार स्थानीय तहलाई संविधानमा नै व्यवस्था गरे अनुसार सन्धिखर्क नगरपालिका पनि यसको निरन्तर अभ्यासमा लागि परेको छ ।

नेपालको शिक्षाको विकासमा विगतमा भएका अभ्यासहरू नेपालले अन्तराष्ट्रिय मञ्चमा शिक्षाका सम्बन्धमा गरेका प्रतिबद्धताहरू वर्तमान अवस्थामा संघीय सरकार प्रदेश सरकारले निर्माण गरेको शिक्षासम्बन्धी योजनाहरूको कार्यान्वयनबाट प्राप्त अनुभवहरूलाई सन्धिखर्क नगरपालिकाको सापेक्षातामा संश्लेषण गरी हाम्रो नगरको शिक्षा विकासमा हाम्रो सक्रिय सहभागिता भन्ने आदर्श वाक्यलाई व्यवहारमा अभ्यास गर्न यस शैक्षिक दर्पणले सबै सरोकारवालाहरूलाई ध्यानाकर्षण गर्न सफल हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

आजका शिक्षा क्षेत्रका नवीनतम चिन्तनहरू- सबैका लागि शिक्षा, समावेशी शिक्षा, जीवनोपयोगी गुणस्तरीय शिक्षा, कार्यमूलक साक्षरता, मानव मूल्यमा आधारित शिक्षा, प्रविधिकयुक्त शिक्षा, शिक्षामा ICT को प्रयोग, स्थानीयतामा आधारित शिक्षा जस्ता विषयले शिक्षाको बहुआयामिक (Multi dimension) क्षेत्रलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौतीहरू देखिए पनि स्थानीय सरकारबाट दृढ इच्छा शक्तिका साथ निर्माण गरिने नगर शिक्षा योजना कार्यान्वयन गर्न संघ प्रदेश र स्थानीय तहको साधन र स्रोतलाई सही रूपले परिचालन गर्नु जरुरी छ । नगरवासीले प्रत्यक्ष अनुभूति गर्ने शिक्षाका दूरगामी योजना निर्माण र कार्यान्वयनमा यस शैक्षिक दर्पणले केही सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

# सुरूको बोली



नगरप्रमुख



नगरउपप्रमुख



प्रमुख प्रशासकीय अधिकृत

जनप्रतिनिधिविहीन अवस्थामा चलिरहेका स्थानीय तहहरूमा मुलुकको नयाँ संघीय शासन व्यवस्थाअनुरूप निर्वाचन भई जनप्रतिनिधिको आगमन भएपछि स्थानीय तहको शासन व्यवस्थामा जनप्रतिनिधिको निर्णायक भूमिका चल्न थालेको पनि करिब ४ वर्ष बित्दैछ । चार वर्षसम्म स्थानीय सरकारले कानुनी र नीतिगत व्यवस्था, विधि र प्रक्रियाको निर्माणका लागि समय खर्चिनुपर्‍यो । भौतिक पूर्वाधारका समस्या, कर्मचारीको अभाव, कतिपय विषयगत कार्यालयसँगको अधिकार क्षेत्रमा भएको अस्पष्टता आदिसित जुद्धै हाम्रो नगरपालिका यहाँसम्म आइपुगेको छ ।

आम नगरवासीको अत्यधिक अपेक्षा भएको वर्तमान परिप्रेक्ष्यमा उनीहरूका सम्पूर्ण चाहनाहरू सम्बोधन गर्ने कार्य चुनौतिपूर्ण भए तापनि सन्धिखर्क नगरपालिका जनअपेक्षा पूरा गर्नका लागि मन, वचन र कर्मले लागिरहेको व्यहोरा अवगत गराउन चाहन्छौं । आगामी दिनमा जनचाहना पूरा गर्नका लागि अझ लागिपर्ने प्रतिबद्धतासमेत हामी यहाँ व्यक्त गर्न चाहन्छौं । सुशासन, पारदर्शिता, मितव्ययिता र लोकतान्त्रिक अभ्यास हाम्रा मूलमन्त्र हुन् । यिनको सुदृढीकरणको अभियानमा हामी युद्धस्तरमा लागि रहेका छौं ।

शैक्षिक उन्नयन नभई नगर र नागरिकको स्तर उकास्न सकिन्न भन्ने कुरामा हाम्रो दृढ विश्वास छ । अर्कोतिर साधन र स्रोत नभई यो कार्य सम्भव छैन भन्ने कुरामा कसैको विमति छैन । सन्धिखर्क नगरपालिकाले यस तथ्यलाई आत्मसात् गरी शिक्षाको क्षेत्रमा क्रमशः लगानी बढाउँदै जाने र बजेट थप्दै जाने अठोट गरेको छ । यस सन्धिखर्कको शैक्षिक दर्पण को प्रकाशनको उद्देश्य पनि नगरपालिकाको शैक्षिक उन्नयन नै हो ।

यस शैक्षिक दर्पण प्रकाशनको लागि साँझ र बिहानमा समेत खटेर प्रधान सम्पादक समेतको भूमिका निर्वाह गर्ने उपसचिव युगलनारायण बसेल तथा अन्य सम्पादकहरू र योगदान पुर्‍याउने सबैको हामी सह्राहना गर्दछौं ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| कृष्णप्रसाद सापकोटा | ठाकुरकुमार वि.क. | कमलप्रसाद भुसाल |
| प्रमुख प्रशासकीय अधिकृत | नगरउपप्रमुख | नगरप्रमुख |

# विषय-सूची


| सि.न | विवरण | लेखक | पेज |
|---|---|---|---|
| १ | सन्धिखर्क नगरपालिकाको सङ्क्षिप्त परिचय | | १-३ |
| २ | सन्धिखर्कका शैक्षिक सवालहरू | युगलनारायण बसेल | ४-७ |
| ३ | अर्घाखाँचीको साहित्यिक शैक्षिक तथा साँस्कृतिक सेरोफेरो | उत्तरकुमार पराजुली | ८-१७ |
| ४ | सन्धिखर्क नगरपालिकाको वर्तमान शैक्षिक अवस्था, चुनौती सम्भावना र भावी रणनीतिहरू | युवराज भुसाल | १८-२५ |
| ५ | सन्धिखर्क नगरपालिकाको प्रस्तावित पञ्चवर्षीय योजना २०७७-०८२ | | २६-२८ |
| ६ | आर्थिक वर्ष २०७७/२०७८ का शैक्षिक गतिविधिहरू | | २८-३४ |
| ७ | सामुदायिक विद्यालयको शैक्षिक सत्र २०७६ को सिकाइ उपलब्धि | | ३५-३८ |
| ८ | विद्यालयमा कायम गरीएको शिक्षक दरबन्दीको सूची | | ३९-४२ |
| ९ | सामुदायिक विद्यालय सुधारका आधारहरू | जनकप्रसाद बस्याल | ४३-४४ |
| १० | शिक्षा र असल संस्कार | बिजुला रायमाझी | ४५-४६ |
| ११ | विद्यालयमा योग शिक्षाको महत्व | महेश्वर पन्थी | ४७-४९ |
| १२ | सामुदायिक विद्यालयका प्र.अ. हरूको नाम र सम्पर्क नम्बर | | ५०-५३ |
| १३ | संस्थागत विद्यालयका प्रअ. हरूको सम्पर्क नम्बर | | ५४ |
| १४ | कार्यालयहरूको सम्पर्क नम्बर | | ५५-५६ |

# सन्धिखर्क नगरपालिकाको सङ्क्षिप्त परिचय

सन्धिखर्क अर्घाखाँची जिल्लाको सदरमुकाम हो । यो ९६० मिटरको उचाइमा अवस्थित छ । सन्धिखर्कमा तीनवटा खोला बाँगी, घोँचे र भद्री खोलाको संगम हुने भएकाले यो ठाउँलाई त्रिवेणीपुर पनि भनिन्छ । अर्घा र खाँचीका चौबीसे राज्यका ठकुरी वंशका भुरे राजाले यसै ठाउँमा सन्धि गरेका कारणले यस ठाउँको नाम सन्धिखर्क रहन गएको हो भन्ने भनाइ छ । खाँचीका ठकुरी वंशका भुरे राजाहरुका सन्ततिको बसाइ अहिले सन्धिखर्ककै ७ नं. वडामा पर्ने डिहिडाँडामा छ भने अर्घाका ठकुरी वंशका भुरे राजाहरूका सन्ततिको बसाइ सन्धिखर्क नगरपालिकाको वडा नं. १० को गच्छेगैरा र वडा नं. ११ को गहतेमा छ ।

सन्धिखर्क लिपपोतका लागि उपयोगी रातो माटो पाइने थलो पनि हो । सन्धिखर्क वरिपरिका मानिसहरु पहिले यहीबाट अन्नले साटेर घर लिप्नको लागि माटो लैजाने गर्दथे । माटाका भाँडा बनाउने आदिवासी कुमाल जातिको थलोको रूपमा पनि सन्धिखर्क परिचित छ । सुपा देउराली मन्दिर,अर्घा भगवती मन्दिर, खाँचीकोट मन्दिर, सिद्धेश्वर शिवालय मन्दिर, मथुराको गोपेश्वर पीठ जस्ता पवित्र स्थलहरू सन्धिखर्क नगरपालिकाका गहना हुन् । रक गार्डन डिभर्ना, बिपि स्मृति पार्क तथा गंगासरोवर नरपानी, मसिनाको लेक, डिभर्ना गुफा घोर्लासीको लेक जस्ता पर्यटकीय स्थलहरूले पनि सन्धिखर्कको महत्वलाई उजागर गरेका छन् ।

स्थानीय विकास मन्त्रालयबाट वि. सं. २०७१ साल बैशाख २५ गते देशका विभिन्न २८३ गा.वि.स. लाई गाभेर ७२ वटा नयाँ नगरपालिका घोषणा गर्दा अर्घाखाँचीका साबिक सन्धिखर्क, नरपानी, खाँचीकोट, किमडाँडा, अर्घा, डिभर्ना र वाङ्ला गाउँ विकास समितिहरूलाई गाभेर सन्धिखर्क नगरपालिका निर्माण गरी घोषणा गरिएको हो । २०७३ सालमा स्थानीय तहको संरचना बन्दा पाली गाउँ विकास समितिको वार्ड नं. ९ लाई समेत समावेश गरी जम्मा १२ वटा वडा भएको यस नगरपालिकाको जन्म भएको हो । यसको क्षेत्रफल १२९.४२ वर्ग कि.मी. छ भने जनसंख्या ४१,०७१ छ । यस नगरपालिकाको साक्षरता करिव ९७ प्रतिशत छ । वि.सं. २०३२ सालमा नरपानीबाट अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा सरेको हो । सन्धिखर्कको केन्द्र रहेको सन्धिखर्क बजारको चारैतिर पहाडी भूभाग छ भने बीचबाट लमतन्न परेर बाँगीखोला बगेको छ । यस खोलाको वारिपारि बसेको बस्ती तथा रमणीय फाँटले यस नगरपालिकाको सौन्दर्य निकै बढाएको छ । पाणिनि बहुमुखी क्याम्पस, अर्घाखाँची शिक्षा क्याम्पस, जनज्योति मा.वि., भगवती मा.वि., युवावर्ष जनता रविचित्र मा.वि. र केही निजी विद्यालयहरू सन्धिखर्कको केन्द्रको वरिपरि सञ्चालित छन् । सन्धिखर्कका विभिन्न ठाउँमा गरी जम्मा २ क्याम्पस, ६८ सामुदायिक विद्यालय र १७ संस्थागत विद्यालय सञ्चालित छन् । सबै तहका गरी यहाँका सामुदायिक विद्यालयहरूमा ४४२ जना शिक्षकहरूको दरबन्दी छ । २०७७ सालको तथ्याङ्क अनुसार करिव ९०८४ विद्यार्थी सामुदायिक विद्यालयहरूमा अध्ययनरत छन् भने संस्थागत विद्यालयहरूमा ४१६५ जना विद्यार्थी पढिरहेका छन् ।

सन्धिखर्क नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा उपसचिव १, अधिकृत स्तर छैटौ १, सहायक स्तर पाँचौ १ गरी जम्मा ३ जनाको दरबन्दी छ तापनि अहिले १ जना उपसचिव मात्रै कार्यरत छन् । सन्धिखर्कमा पहिलो पटक २०४१ सालमा मोटर (ट्रयाक्टर) पुगेको हो । सन्धिखर्क गोरूसिङ्गे ६८ कि.मी.लामो सडक २०६२ सालमा पक्की भएपछि सन्धिखर्कको सम्पर्क देशको राजधानी र तराईका सहर एवम बस्तीहरूसँग सुगम भएको हो । सन्धिखर्क बजार अर्घाखाँचीकै एउटा मुख्य व्यापारिक केन्द्र मानिन्छ । यहाँ शिक्षा तथा स्वास्थ्यको सुविधाको राम्रो विकास भएको छ । यस नगरपालिकाको पूर्वमा पाणिनि गा.पा., पश्चिममा भूमिकास्थान न.पा., उत्तरमा मालारानी र छत्रदेव गा.पा. र दक्षिणमा भूमिकास्थान र शीतगङ्गा नगरपालिका पर्दछन् । सन्धिखर्कको केन्द्र वरिपरिको भूमि अत्यन्तै उर्वर छ तर यो उर्वर भूमिलाई धमाधम कंक्रिटले ढाक्न थालेकाले यहाँ व्यवस्थित बस्ती विकासको आवश्यकता टड्कारो रूपले महशुस हुन थालेको छ ।

# सन्धिखर्क नगरपालिका

शैक्षिक दर्पण २०७७

**विद्यालय संख्याः**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय सङख्या | ६८ | आधारभूत तह | ५५ | माध्यमिक तह | ११ | धार्मिक विद्यालय | २ |
| संस्थागत विद्यालय सङ्ख्या | १८ | आधारभूत तह | ८ | माध्यमिक तह | ६ | ० | ० |
| बालविकास केन्द्र | ६६ | | | | | | |
| सामुदायिक सिकाइ केन्द्र | ४ | | | | | | |
| कुल विद्यार्थी संख्या | ९०८४ (बालविकासदेखि कक्षा १२ सम्म) | | | | | | |
| सिकाइ उपलब्धि | | | | | | | |
| सामुदायिक विद्यालयतर्फको औसत सिकाइ उपलब्धि | | | ५९ | | | | |
| अधिकतम सिकाइ उपलब्धि | ८१ | | | | | | |
| न्यूनतम सिकाइ उपलब्धि | ४० | | | | | | |
| सामुदायिक विद्यालयको विद्यार्थी विवरण शैक्षिक सत्र- २०७७ | | | | | | | |
| क्र.सं. | तह | जम्मा विद्यार्थी संख्या | | | | | |
| १ | बालविकास | १०४८ | | | | | |
| २ | आधारभूत तह कक्षा १-५ | ३२९२ | | | | | |
| ३ | आधारभूत तह कक्षा ६-८ | २०७९ | | | | | |
| ४ | माध्यमिक तह ९-१२ | २६६५ | | | | | |
| **कुल जम्मा** | | ९०८४ | | | | | |
| सामुदायिक विद्यालयका शिक्षक दरबन्दी विवरण | | | | | | | |
| **क्र.सं.** | **तह** | **जम्मा शिक्षक संख्या** | | | | | |
| १ | बालविकास सहजकर्ता | ६५ | | | | | |

| | | | |
|---|---|---|---|
| २ | प्राथमिक | २४७ | |
| ३ | निम्न माध्यमिक | ६३ | |
| ४ | माध्यमिक (९-१०) | ५२ | |
| **५** | माध्यमिक (११-१२) | १५ | |
| **कुल जम्मा** | | ४४२ | |
| | | | |
| संस्थागत विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी विवरण | | | |
| **क्र.सं.** | **शिक्षक दरवन्दी** | **विद्यार्थी संख्या** | |
| १ | २७६ | ४१६५ | |

## महत्त्वपूण भनाइहरू

१) अँध्यारोलाई सराप्नु भन्दा एउटा दियो सल्काउनु राम्रो हो ।

२) पुरानो कोट लगाऊ, नयाँ किताब किन ।

३) नारी पुजिने ठाउँमा देवताहरू रमाउँछन् ।

४) शिक्षणमा गरिने लापर्वाहीको कुनै प्रयश्चित्त हुँदैन ।

५) कण क्षण दुबै महत्त्वपूर्ण हुन्छन्, कण गुमाए धन गुम्छ, क्षण गुमाए विद्या गुम्छ ।

# सन्धिखर्कका शैक्षिक सवालहरु



युगलनारायण बसेल
उपसचिव

सन्धिखर्क एक सुन्दर नगरी हो । शिक्षा, सभ्यता, संस्कृति र संस्कार यसका गहना हुन्, शोभा हुन् । हामी शिक्षालाई शोभामय बनाउन चाहन्छौँ, महँगो होइन । शिक्षालाई सर्वसुलभ र स्तरीय तथा परिष्कृत बनाउने नगरपालिकाको ध्येय, इच्छा र उद्देश्य छ तर हाम्रो चाहना कसरी पूरा गर्न सकिन्छ त ? यसका लागि सही नीति निर्धारण, प्रभावकारी योजना निर्माण र त्यसको कार्यान्वयन जरुरी हुन्छ । सन्धिखर्क नगरपालिका यी तीनवटै पक्षप्रति निष्ठावान् छ, सावधान छ र समर्पित छ ।

नीति निर्धारण र योजना निर्माण व्यक्ति एक्लैले पनि गर्न सक्छ तर लक्ष्यमा पुग्न वा उद्देश्य हासिल गर्न र त्यसको कार्यान्वयनका लागि सामूहिक प्रयास जरूरी छ । सामूहिक प्रयासबाट नगरपालिकाको शिक्षालाई सही दिशातिर डोऱ्याउनका लागि बाधक के छ र त्यसको निराकरण कसरी गर्न सकिन्छ भन्ने कुराको समीक्षा गर्नु बेलाबेलामा जरुरी हुन्छ ।

**शिक्षाका लागि सन्धिखर्क नगरपालिकाले गरेको बजेट व्यवस्थाको समीक्षा गरौँ:**

| आ.व २०७६/०७७ | आ.व २०७७/७८ |
|---|---|
| कुल बजेट ७६.३७ करोड ससर्त अनुदान सहित | ८७.४९ करोड |
| शिक्षाको अंश -संघीय र स्थानीयसमेत गरी) २४.८२ करोड | २६.६६ करोड |
| भएको खर्च २४.५३ | खर्च हुँदै |
| विद्यार्थी सङ्ख्या ९५७५ | ९०८४ |
| प्रति विद्यार्थी खर्च रु २५,६१८ | हिसाब हुन बाँकी |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीका लागि नगरपालिकाले वार्षिक रु २५,९१८।- खर्च गरेको छ । यस खर्चलाइ मासिकमा रूपान्तरण गर्ने हो भने प्रतिमहिना रु २,१३५।- हुन आउँछ ।

यसरी हेर्दा सन्धिखर्कको एउटा जुनसुकै निजी विद्यालयले लिने मासिक शुल्कभन्दा यो लगानी बढी देखिन्छ । संस्थागत विद्यालयको सरदर मासिक शुल्क हिसाब गर्ने हो भने करिव १४ सय मासिक पर्न आउँछ । यो निजी विद्यालयको भन्दा करिब डेढगुना बढी हो । यस्तो किन भयो भनेर हेर्ने हो भने यसको एउटै कारण भेटिन्छ र त्यो हो विद्यार्थी सङख्यामा कमी । ३० जना विद्यार्थी पढाउनको लागि र ३ जना विद्यार्थी पढाउनको लागि चाहिने पूर्वाधार र जनशक्ति एउटै हो तर हाम्रा केही विद्यालयहरूमा प्रतिकक्षा २

विद्यार्थी भएको दयनीय अवस्था पनि छ। यसले गर्दा सरकारले गरेको लगानी सार्थक हुन पाइरहेको छैन र प्रति एकाइ लागत बढ्न गएको छ। सँगसँगै विद्यालय विद्यार्थीका लागि वा कसैको रोजगारीको लागि भन्ने प्रश्नसमेत उब्जिएको छ।

**कारण के हुन् त ?**

हाम्रा अभिभावकहरू आफ्नो सन्तानलाई अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालयमा पढाएमा आफ्ना सन्तानको भविष्य सुरक्षित हुने ठान्दछन् र सकिनसकी तिनै विद्यालयमा पढ्न पठाउँछन्। खासमा भन्ने हो भने प्रतिस्पर्धामा खरो उत्रिएर र तालिमसमेत पाएर आएका हुन्छन तथा सामुदायिक विद्यालयका शिक्षकले उचित तलव भत्ता समेत पाउँछन तर उनीहरूबाट कुनै अध्यापनबाट अभिभावकहरू सन्तुष्ठ छैनन्। हुनत संस्थागत विद्यालयहरू पनि नगरपालिकाकै नीतिनियमअन्तर्गत नै रहेर स्थापित र सञ्चालित भएका छन्। त्यहाँ विद्यार्थी पढ्न जानु स्वाभाविक पनि हो। तैपनि सामुदायिक विद्यालयमा विद्यार्थी घट्दै जानुले समुदाय र नगरपालिकालाई गम्भीर भएर सोच्न घच्घचाएको अवस्था छ। सामुदायिक विद्यालयबाट अभिभावक किन सन्तुष्ट छैनन् ? यो आफैमा एउटा विसङ्गतिपूर्ण कुरा हो। व्यवस्थापकीय पक्ष सबल नहुनाले र गुणस्तरीय शिक्षाका लागि समर्पित भएमा मात्र शिक्षकको सामाजिक आत्मसम्मान बढ्छ भन्ने कुरालाई शिक्षाकर्मीहरूले आत्मसात् नगर्नाले यो अवस्था पैदा भएको छ। निजी विद्यालयमा पढाइरहेका शिक्षकमध्ये अधिकांश शिक्षकहरू अवसर मिलेमा वा प्रतिस्पर्धाबाट छानिएमा सामुदायिक विद्यालयमा ढिला नगरी जान तयार छन् तर त्यहाँ गए पछि निजी विद्यालयमा जस्तै मिहिनेत गर्न भने तयार छैनन्। आफ्नो कार्यसम्पादनमा कसैले पनि त्रुटि भेटाउने मौका नपाओस् भनेर शिक्षक नयाँ दृष्टिकोणसहित कर्तव्य निर्वाह गर्न अग्रसर हुने हो भने निश्चय नै ग्रामीण क्षेत्रका विद्यालयहरू उजाडिनबाट रोकिनेछन्।

**क. समुदायको चासो**

अहिले हुनेखानेका सन्तानले संस्थागत विद्यालयमा र हुँदा खानेका केटाकेटीले सामुदायिक विद्यालयमा पढिरहेको अवस्था छ। शैक्षिक सुधारका लागि प्रयत्न गर्ने बुता भएकाहरूले आफ्ना केटाकेटी अन्यत्र पढाएपछि सामुदायिक विद्यालयको शैक्षिक सुधार हुने कसरी ? हुँदा खानेलाई त शिक्षाको होइन बढी चासो छाकको हुने गर्छ। त्यसैले उनीहरूबाट सुधारका गतिविधिको अपेक्षा गर्न सकिन्न। सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि समुदायको सक्रियता अनिवार्य छ। समुदायकै लागि स्थापित, समुदायले स्थापना गरेका र समुदायकै लागि सञ्चालित विद्यालयहरूमा समुदायको सन्तुलित चासो अपरिहार्य छ। समुदायको सम्पत्तिको रूपमा रहेका शैक्षिक केन्द्रहरूका लागि तनमन दिनु र धनसमेत लगानी गर्नु समुदायको कर्तव्य पनि हो। यस कुराको बोध समुदायलाई गराउन सकियो, समुदायका अगुवाहरूलाई शैक्षिक सुधारका लागि सक्रिय गराउन सकियो भने निश्चय नै सामुदायिक विद्यलयमा शैक्षिक उन्नयन सम्भव हुन्छ।

**ख. अभिभावकको लगानी**

नेपालको संविधान २०७२ मा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क

भनेर नागरिकप्रति राज्यको कर्तव्यलाई स्पष्टसँग किटान गरिएको छ । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवाहरू सरकारले निःशुल्क रूपमा स्तरीय ढङ्गबाट उपलब्ध गराउनुपर्छ भन्ने दृष्टिकोण सर्वत्र स्वीकार गरिएको विषय पनि हो । यो आफैँमा अति महत्वपूर्ण विषय हुँदाहुँदै पनि यस दृष्टिकोणलाई पूर्णत दोषमुक्त भने मान्न सकिन्न । नागरिकको लगानीमा साझेदारी भएको विषयमा उनीहरूको चासो हुन्छ । लगानी नै नभएपछि चासो पनि कम हुन्छ । सामुदायिक विद्यालयमा अभिभावको कम चासो हुनुको एउटा कारण अभिभावकको शून्य लगानी पनि हो । विद्यालयमा अङ्ग्रेजी माध्यमबाट शिक्षा दिने व्यवस्था लागू गरी अभिभावकबाट सानो अंशको भए पनि लगानी गराउन सकियो भने निश्चय नै उनीहरूको चासो विद्यालयप्रति बढ्नेछ ।

**अनुगमन निरीक्षण**

विद्यालयहरूको प्रभावकारिताको लागि अनुगमन र निरीक्षण एउटा महत्त्वपूर्ण पाटो हो । विद्यालयका वा शिक्षकका समस्या बुझ्न र तिनको निराकरण गर्न, विद्यालयका आवश्यकताहरुको पहिचान गर्न, अनुगमन वा निरीक्षणकर्ताको निपुणता, कला र कौशलको साझेदारी शिक्षकसँग गर्न, नियमनकारी निकाय र नियमित हुने संस्था बीचको सम्बन्ध प्रगाढ बनाउन र प्रभावकारिता ल्याउन तथा विद्यालयमा अनुशासन कायम राख्न अनुगमन र निरीक्षण अति आवश्यक हुन्छ ।

यसै कुरालाई दृष्टिगत गरी वि. स. २०५० सालतिर विद्यालय निरीक्षकको दरबन्दी एकै पटक ४०० जति थपियो । स्रोतकेन्द्रको अवधारणा ल्याई स्रोतव्यक्तिको संख्यासमेत थपियो । त्यसबाट पनि नीति र योजनाका निर्माताहरूले सोचे अनुसारको परिवर्तन आउन सकेन । निरीक्षक वा स्रोतव्यक्तिले प्राविधिक सहयोग पुऱ्याउने काम कम गरे, बरु प्रशासकीय भूमिकामा उनीहरुले आफूलाई प्रस्तुत र स्थापित गर्न खोजे भन्ने विश्लेषकहरुको ठम्याइ रहयो ।

अनुगमन र निरीक्षण शिक्षकका त्रुटि औँल्याउनतिर मात्रै केन्द्रित भयो भने यसले नकारात्मक प्रभाव पार्छ । बरु शिक्षकको आत्मबल बढाउन, शिक्षकलाई पेसाप्रति समर्पित हुन सहयोग गर्न र नयाँ शिक्षण प्रविधिसित उनीहरूलाई परिचित गराउन, शिक्षकको आत्मसम्मानलाई पल्लवित र पुष्पित पार्न, शिक्षकका कुण्ठाहरूको निराकरण गर्नमा अनुगमन र निरीक्षणले मद्दत गर्नुपर्छ । तब मात्र अनुगमन र निरीक्षणको औचित्य पुष्टि हुन्छ ।

हाम्रो मुलकमा संघीयता कार्यान्वयनमा आएपछि तीन तहका सरकार अस्तित्वमा आए । माध्यमिक तहसम्मका विद्यालय सञ्चालन र नियमनको जिम्मेवारी स्थानीय सरकारको काँधमा आयो । सँगसँगै स्रोतव्यक्तिहरू र विद्यालय निरीक्षकको अवधारणासमेत एक किसिमले समाप्त भयो । स्रोतव्यक्तिहरू आफ्नो पदाधिकार रहेको शिक्षक पदमै फिर्ता भए भने प्राविधिक सहायक, विद्यालय निरीक्षक वा शिक्षा सेवाका उपसचिवहरू स्थानीय तहमा समायोजित भई शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीमा रूपान्तरित भए । उनीहरूलाई दैनिक प्रशासनका कामकाज नै भ्याइनभ्याइ छ । सन्धिखर्क नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको अवस्थालाई हेर्ने हो भने यहाँ उपसचिव, शिक्षा अधिकृत र सहायकस्तर पाँचौको दरबन्दी भए पनि विगत लामो समयदेखि एउटै कर्मचारीले सेवा पुऱ्याउनुपरेको अवस्था छ । १०-५ बजेको समयसीमा प्रयाप्त नएकाले बिहानसाँझसमेत थप काम गर्नुपर्ने स्थिति छ । फाइलिङ देखि लिएर

कम्पाइलिङसम्मका सबै कार्यको सम्पादन एक्लैले गर्नुपरेपछि अनुगमनको पाटो ओझेलमा पर्नु स्वभाविकै पनि हो । हुनत अनुगमन निरीक्षण शिक्षा सेवाको कर्मचारीले मात्रै गर्नुपर्छ भन्ने छैन । शिक्षण संस्थालाई सहयोग पुऱ्याउने र शिक्षकहरूलाई आफ्नो पेसाप्रति गौरवको अनुभूति गराई उनीहरूको उत्पादकत्त्व बढाउने काम समुदायका अगुवा वा जनप्रतिनिधिले पनि गर्न सक्ने कुरालाइ बिर्सन सकिँदैन ।

**राजनैतिक तटस्थताः**

हुनत शिक्षक, कर्मचारी, व्यवसायी जोसुकै पनि राजनैतिक प्राणी हुन् । निश्चित राजनैतिक विचारधारालाई अंगाल्ने अधिकार जोसुकैको हो तर राजनीति र राजनेताका सहयोगीको भूमिकामा शिक्षक र कर्मचारी देखिनु निश्चय पनि शुभसंकेत होइन । आफ्नो सामर्थ्यले शिक्षक पदमा बहाली गरेका शिक्षकले कसैप्रति अनुग्रहित हुनु वा भनौं राजनेताप्रति उत्तरदायी हुनु जरुरी छैन । समाजका जुनसुकै प्रतिष्ठित व्यक्तिहरू कुनै न कुनै शिक्षकका चेला नै हुन् । बुद्धिजीवी वर्गमा पर्ने शिक्षकले यस कुरालाई मनन गरी सकेसम्म राजनीतिबाट आफुलाई तट्स्थ राखी आफ्नो पेसालाई मर्यादित, सम्मानित र प्रभावकारी बनाउने तर्फ संगठित हुनुपर्छ ।

राजनैतिक तटस्थता शिक्षकमा हुन नसक्दा शिक्षकहरू एक ढिक्का नभई विभिन्न खेमा र समूहमा बाँडिने अवस्था हुन्छ । यस्तो विभाजनले अन्ततोगत्वा शिक्षण कौशलको परिमार्जन र परिष्करणतिर भन्दा शिक्षकलाई राजनैतिक दलको संगठन विस्तार र जनाधार निर्माणतिर डोऱ्याउँछ । राजनैतिक दलका गुणदोषको विवेचना गर्ने हदसम्म मात्र शिक्षकको संलग्नता रह्यो भने शिक्षकलाई आफ्नो पेसा प्रभावकारी बनाउन मद्दत पुग्छ ।

**निचोड**

माथि उल्लेख गरिएका हरेक पक्ष महत्त्वपूर्ण छन् तर सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको सम्बन्धित विद्यालयका शिक्षकको शिक्षण सिकाइप्रतिको लगन हो । यसको स्पष्ट उदाहरण केही सामुदायिक विद्यालयले ल्याएका उत्कृष्ट नतिजालाई  लिन सकिन्छ । यही हो आजको गुणस्तरीय शिक्षामा मनन गर्नुपर्ने सबैभन्दा प्रमुख कुरा । शिक्षाको क्षेत्रमा सकारात्मक परिवर्तन सम्भव छ, हामीबाट सम्भव छ र आजैदेखि सम्भव छ भन्ने दृढ अठोटका साथ शिक्षक र नगरपालिका परिवार हातेमालो गरेर लाग्ने हो भने छिटै नै हामीले अपेक्षा गरेको नतिजाका संकेत फेला पर्ने कुरामा सन्देह छैन ।

ॐ पूर्णमद पूर्णमिदम् पूर्णात पूर्ण मदुच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवा वशिस्यती ॥
(हामी कोही पूर्ण छैनौं, पूर्णतातिर लम्कने चेष्टा गरौं ।)

# अर्घाखाँचीको साहित्यिक, शैक्षिक तथा साँस्कृतिक सेरोफेरो



उत्तरकुमार पराजुली

सकारात्मक दृष्टिकोणसित आत्मकेन्द्रित हुने उपदेश जस्तो लाग्छ मलाई कखहरा पढ्दाको पढाइ म राम्रो म । वास्तवमा 'वसुधैव कुटुम्वकम्' विशाल वृक्षको बीजाङ्कुरण 'मराम्रो म' नै हो । 'म राम्रो म' ले पहिले आफू राम्रो बन्न सिकाएको छ । त्यसपछि अरूलाई पनि राम्रो बनाऊ भन्ने सिकाएको छ । आत्ममूल्याङ्कन गर्न सक्नेलेमात्र विवेकपूर्ण तवरले अरुको मूल्याकन गर्न सक्छ । त्यसैले त जहाँ बसे पनि अर्घाखाँचीलाई मसार्न मन लाग्छ, सम्झनाको ममत्वमा हराउन मन लाग्छ । यहाँ शैक्षिक र सांस्कृतिक सन्दर्भमा पग्लने, घुल्ने, हराउने प्रयास गर्दैछु, हाम्रो अर्घाखाँचीमा संस्कृतिलाई विचार, धारणा, बानीव्यहोरा, र संस्कार शृङ्खलाको उच्च टुप्पोभनिन्छ । **समान खालका थुप्रै विचार खारिएर धारणा बन्छ, थुप्रै धारणाहरूले व्यक्तिको आनीबानीको स्वरूप निर्धारण गर्छ,थुप्रैआनीबानी व्यहोराले संस्कारको निर्माण हुन्छ र थुप्रै संस्कारहरूको गठजोडबाट संस्कृतिको निर्माण हुन्छ ।** त्यसैले संस्कृति निर्माण गर्नु निकै कठिन कुरा हो, सर्वस्वीकार्य संस्कृति त अझै कठिन । आज हामी जे छौं, त्यो हाम्रा पूर्खाको देन हो । आजको हाम्रो हैसियत पनि हाम्रा पूर्खाकै पृष्ठभूमिमा उभिएको छ । 'बाउबाजेका (पूर्खाका) धर्मले (नैतिक व्यवहारले) छोरानातिलाई (भावी पुस्तालाई) खान हुन्छ (जीवन जिउन सहज हुन्छ)' भन्ने उखान उल्लिखित प्रसङ्गको थिग्रो हो, सार हो ।

इतिहास योजनाको जननी हो । परिपक्व ऐतिहासिक पृष्ठभूमिमा प्रभावकारी योजना निर्माण गर्न सकिन्छ ।त्यसैले हाम्रा पूर्वजले चाडपर्व, रीतिरिवाजका नाममा पूर्वजका कृति पुनर्ताजगी गर्ने परम्परा बसालेका छन् । वार्षिकोत्सव, श्राद्ध पनि त्यस्तै स्मृति दिवस हुन् । हाम्रो श्रुतिस्मृति परम्परा निकै पुरानु छ । तर हाम्रो स्थितिभने 'जहाँ भ्यागुताको बास उहीँ कमल फुल्दछ । तर त्यो चाल पाउन्न हिलैमा मात्र भुल्दछ' जस्तै छ । हाम्रो गैरजिम्मेवार प्रवृत्तिको सिकाइले लामो ऐतिहासिक अस्तित्व बोकेका देउदेवीस्थल जस्ता आस्था र अनुशासनका मौला ढाल्दै गयौं । ऐतिहासिक महत्वका कलाकृति चोरेर सिन्कीका मूल्यमा विक्री गर्ने प्रवृत्ति त्यसैको परिणति हो । 'अरू कोही नभए धुरीखाँबालाई सोध्नू' हाम्रो स्थापित मान्यता हो, आस्थाको उच्च शिखर स्थापित नगरी प्रगति हुँदैन भन्ने दृष्टान्त,चुलिएपछि पोखिन्छ, आरोहको उत्कर्षपछि अवरोहको थालनी, प्रगतिपूर्वको सतर्कता, चुल्याइँ र अनन्त आरोहको योजना । तर हामी यस्ता अजम्मरी वचनलाई 'उहिलेका कुरा खुइलिए' भनी लत्याउँछौं र परम्परागत मूल्यमाथि प्रहार गर्दछौं ।

अहिले अर्घाखाँचीको नाममा समेटिएको भूगोल परापूर्वकालदेखिनै शैक्षिक वातावरणको लागि राम्रो रहेको कुराका विभिन्न श्रुति प्रमाणहरू छन् । नरपानी जसलाई नर्तनाचल पर्वतको नामले पनि

चिनिन्छ, त्रेता युगीन व्यक्तित्व लङ्काधीश रावणको तपोभूमि मानिन्छ । दुर्गाफाँटको दुर्वासेश्वर गुफा दुर्वासा ऋषिको चिन्तनमनन गर्ने स्थलको रूपमा र नुवाकोटको कोप्चे ओडार कौडिन्य ऋषिको स्वाध्यायनस्थलको रूपमा चिनिन्छ। संस्कृत भाषाका विशिष्ट वैयाकरणका रूपमा परिचित पाणिनिलाई पणेनाको आहारविहार र हावापानीले अद्वितीय कृति अष्टाध्यायी सृजना गर्न सघायो, यो समय आजभन्दा पाँचहजार वर्ष अघिको मानिन्छ ।

यसपछि निकै लामो समयसम्म यस क्षेत्रको शैक्षिक क्रियाकलापको प्रमाणिक इतिहास खोज्न सकिएको छैन, भेट्न सकिएको छैन भन्दैमा त्यो समय क्रियाकलाप शून्य थियो भन्न मिल्दैन ।यस बीचमा भएका भाषिक तथा शैक्षिक क्रियाकलापले नै संस्कृत भाषाबाट प्राकृत हुँदै नेपाली भाषाको जन्म गराएको हो । त्यस कालखण्डका मुनिमनिषिको काम श्रुतिस्मृति परम्परामा अडचाउन सकिएन र रित्तो जस्तो अनुभूति भयो । नत्र अर्घा ओडारपानी जन्मेका शशिधर मरासिनी (१८०४ -१९०६ वि.सं.) गढवाली भाषाका आदिकवि र जोसमनि सन्त परम्पराका प्रवर्तक, विभिन्न उपनिषद् र वाणी भजनका सर्जक बन्न सक्ने थिएनन् । यिनको व्यक्तित्व निर्माणको पृष्ठभूमिमा थुप्रै पिँढीको साधना, चिन्तनमनन रहेको सहजै अनुमान गर्न सकिन्छ । ती हाम्रा अव्यक्त चिन्तक र साधकहरू थिए !

शशिधर मरासिनीबाट उद्घाटन भएको अर्घाखाँची जिल्लाको शैक्षिक क्षितिज यहाँसम्म आउँदा निकै फराकिलो र मनमोहक भएको छ। उनले कहाँकहाँ कसरी अध्ययन गरे भन्न बारेमा इतिहास मौन रहे पनि उनको प्राज्ञिक व्यक्तित्वको प्रभाव गढवालमा रहेको पाइन्छ । गढवाली भाषाको स्तरोन्नति गरी राम्रो पारेको कदर स्वरूप सो भाषाको आदिकविको पदवी प्राप्त गरेको भन्ने कुरा हाम्रा लागि गौरवको विषय हो । जोसमनि सन्त परम्पराको थालनी पनि सामान्य प्रज्ञाचक्षु भएको व्यक्तिबाट हुन सक्ने थिएन जुन शशिधरले गरे । यसले पनि उनमा रहेको प्राज्ञिक तथा दार्शनिक क्षमतालाई प्रमाणित गर्छ । पृथ्वीनारायण शाहदेखि राजेन्द्र वीरविक्रमशाहसम्मलाई राम्रो प्रभाव पारेका शशिधर एकीकरण अघिको अर्घा राज्यका विद्वान् भएको देखिन्छ। अर्घा रजस्थल भएको र उनको जन्म पनि त्यहीँ भएकोले पठनपाठनमा सहज हुन सक्ने अनुमान पनि गर्न सकिन्छ। यिनैका सङ्गतले राजा रणबहादुर निर्वाणानन्द स्वामी बनेको भनाइ पाइन्छ । उनको सन्त परम्परालाई उनकै छोरा लक्ष्मीनरायणले अविवाहित अवस्थादेखि नै पछ्याए। यी दुवै बाउछोराको अन्त्यावस्थाको आश्रम रेसुङ्गा भएको देखिन्छ। यी दुवैको समाधि स्मारक रेसुङ्गाको टाकुरामा छ। प्राचीन ऋष्यशृङ्गको आश्रमलाई शशिधरले जगाए ,जुन ज्योति अहिलेसम्म पनि झल्मलाइरहेको छ र पछिसम्म झल्मलाइरहनेछ ।

रेसुङ्गामा रहँदा बस्दा शशिधरका सम्पर्कमा आएका शिक्षाप्रेमीहरूले विभिन्न दर्शन, उपनिषद् र भजन सिक्ने जान्ने मौका पाए। विशेष गरी वाणी लयमा गाइने भजन शशिधरका वा उनकै सिको गरी लेख्ने अनुयायीका हुने गरेको पाइएको छ । शशिधरले थुप्रै कृति रचना गरेका छन् । केही पाण्डुलिपि दण्डपाणिका छोरा अनन्त मरासिनीसँग रहेको भनिएको छ र प्रकाशनको लागि पहल गर्नुपर्ने आवश्यकता छ ।यी प्रकाशनले अर्घाखाँचीलाई भानुभक्तीय युगभन्दा अझ पुरानो युगमा लैजान्छ , जुन हामी सबैको लागि गौरवको विषय हो । यसै सन्दर्भमा २०३३ सालमा किरण पुस्तकालयले शशिधरको वाणोपनिषद् प्रकाशित गरेको छ । सो कृतिलाई अझ व्यापक गराउने हेतुले अर्घाखाँची तुम्कोटबाट प्रकाशित हुने कालिका अङ्क २ मा २०५७ सालमा ठाउँ दिइएको थियो ।

अर्घाखाँचीमा शशिधरका समकालीन विद्वान्हरूको नाम भेटाउन त सकिएको छैन तर शशिधर

पुत्र लक्ष्मीनारायणका समकालीन विद्वान् कुर (कुह्र) का लिलाम्वर भुसाल (बुसाल) रहेको कुरा किरण पुस्तकालय तम्घासबाट प्रकाशित कृति रेसुङ्गाका आध्यात्मिक कृति (२०३७) बाट थाहा पाउन सकिन्छ। सो कृतिमा लक्ष्मीनारायण स्वामीद्वारा लेखिएको शास्त्र कुसुमामृतम् (१९३७, आषाढ) ६७ श्लोकको छ र यो संस्कृत भाषामा छ । त्यसमा लिलाम्वर भुसालद्वारा लेखिएको गुर्विस्तुतिम् ३५ श्लोकको पनि संस्कृत भाषामा नै छ भने मिश्रितपदोपनिषद् (१९३७, जेष्ठ) ६७ श्लोकको समेत संस्कृतमा नै छ। त्यस कृतिमा छापिएको अर्को रचना साङ्ख्यविवृत्तशास्त्रम् (१९३७ मा. २) ९१ श्लोकको छ र यसका रचनाकार योगकुमार भनिएको छ। यस पछि ४ श्लोक लिलाम्वरका नाममा लेखिएको छ। प्रकाशकले पनि अक्षर लिपि उस्तै छन् भनी योगकुमार लिलाम्वर एउटै हुन सक्ने सङ्केत दिन खोजेका छन् ।

अर्घाखाँचीको कुर ठाउँ पहिलेदेखि नै सत्संग शास्त्रार्थ गर्ने थलो थियो । सोको पृष्ठभूमि कसरी बनेको थियो, लिलाम्वर भुसाल कुन पृष्ठभूमिबाट यो अवस्थामा आएका थिए र त्यस पछिका पिढीले कुरको शैक्षिक परम्परालाई कसरी अगाडि बढाउँदै लगे भन्ने कुरा शोधखोजको विषय हुनसक्छ । मैले चिनेको पुरानो पिँढीमा ज्योतिष तुल्सीराम भुसाल, पं. तुलसीराम पौडेल र भजने कालिदास भुसाल कुरका शिक्षा, शास्त्रमा विशेष रुचि भएका व्यक्ति हुन् । सरल स्वभावले शास्त्रार्थ गर्ने क्षमता नै पं. तुल्सीरामको मूल चरित्र हो। ज्यो. तुल्सीराम मुढे पात्रा लेख्ने, भागवत अर्थ गर्न सक्ने व्यक्ति हुन्। अठारै अध्याय गीता मुखाखर गरेको विशेषता उनमा थियो । कालिदास भुसाल सामान्य लेखापढा भए पनि भजनतर्फ उनको राम्रो अनुराग थियो । कालिदास भुसाल र तुल्सीराम भुसाल मेरो हजुरबुबाका भान्ज नाता पर्ने हुनाले उहाँहरूको हाम्रो घर आइजाइ राम्रो थियो। हजुरबुबाले तुम्कोटे भजने टोलीको नेतृत्व गर्ने र वाणीगायनमा उहाँको विशेष दखल भएकोले कालिदास बेलामौकामा आउँदा भजनको गहक, अर्थचर्चा परिचर्चा हुने गर्थे। शशिधरका वाणी गाउने सन्दर्भमा ती रेसुङ्गाका महाप्रभुका कुरा निस्कन्थे। कुरैकुरामा कुरका सिँदुरे आँप, दियाले आँपको स्वादको तारिफ प्रभुहरूले गर्थे रे भन्ने कुरा निकै महत्त्वका साथ गरिन्थे । यसले कुर बेलामौकामा प्रभुहरू जाने बस्ने ठाउँ रहेछ भन्न सकिन्छ । लक्ष्मीनारायण प्रभुका समकालीन लिलाम्वर देखिए । त्यस्तै शशिधरका समकालीन पनि कुनै कुरेली हुन सक्थे । ती कुरा सुन्दा प्रभुजस्ताले पनि आँप खाएको कुरा के गरे होलान् र जस्तो लाग्थ्यो । आखिर उनी पनि त मानव नै थिए भन्ने बोध भएपछि त्यो सन्दर्भलाई आत्मीकरण गर्न सहज भयो । रेसुङ्गा र कुरको यो आत्मीय घरायसी सम्बन्धलाई उल्लेखनीय मान्नुपर्छ । स्वामी शशिधर, लक्ष्मीनारायणर लिलाम्वरका रचनाहरू रेसुङ्गामा साथसाथै पाइनुले पनि लिलाम्वर र लक्ष्मीनारायणको निकट सहचर्या रहेको कुरा प्रमाणित गर्छ। लक्ष्मीनारायण,योगकुमार र लिलाम्वरका कृतिको रचना समय पनि वि.सं. १९३७ नै हुनुले यिनमा रहेको प्रज्ञामैत्री एवं सहचारी भावको अझ बलियो प्रमाण दिन्छ। लिलाम्वर र लक्ष्मीनारायणको समवय सखाभाव जस्तो देखिनुले लिलाम्वरको संगत शशिधरसंग पनि हुनसक्ने देखिन्छ। लिलाम्वरको गुर्विस्तुतिम् रचनाले उनमा रहेको भक्ति रसतर्फको प्रेम देखाउँछ भने मिश्रितपदोपनिषद्ले वेदान्त चर्चा र विश्लेषणतर्फको दक्षता देखाउँछ।यसले शशिधर र लक्ष्मीनारायणका रचनाहरूको चर्चा अर्घा, वाङ्ला, कुर, किंमडाँडा... क्षेत्रमा हुनु सहज र स्वाभाविक मान्न सकिन्छ ।

शशिधरका वाणी रचना र गायन सीप लक्ष्मीनारायण पिँढीमा सरेको हुनाले नै माझकोट किसानका हर्कु भट्टराई (१९०५-१९८५) जसले भजनमा आफूलाई हरिदास भनी उल्लेख गरेकाछन्, ले वाणी गायनमा दखलता प्राप्त गर्न सकेको अनुमान लगाउन सकिन्छ। माझकोट रेसुङ्गाको पायक र उनको

आफ्नै लगनले त्यसबखत भक्तिधारामा ख्यातिप्राप्त भयो । हरिदासका भजन र फागुमा पाइने भोजपुरी र अवधी भाषाको मिश्रण यिनै साधुहरूको संगतले पनि हुन सक्छ किनकि यस्ता मिसमास भाषा साधुहरूले प्रयोग गर्ने हुँदा यस्ता भाषालाई साधुक्कडी भाषा पनि भनिन्छ ।

हर्कु भट्टराई हिमलाल पराजुली (१९४७- २०३९) का बुबाका मामा हुन् । हर्कुले हिमलाललाई आफ्ना घर लगी भजन, फागुको राग ताल सिकाएका थिए । त्यसपछि तुम्कोटको भजन र फागुले चर्चा पाउन थालेको थियो । यस परम्पराले सत्तरी वर्ष जति राम्रो प्रभाव जमायो । हिमलालको शेखपछि त्यो परम्पराले आर्जित हैसियत कायम राख्न सकेको छैन । उता माझकोटमा पनि निरन्तरताको मलिनो दियो मात्र जलिरहेको कुरा थाहा हुन आएको छ ।

हरिदास ज्योतीष विद्याका पनि जानकार थिए । काण (बाण) द्वारा घडेरीको शुभाशुभ निर्णय गर्ने सीप उनमा रहेको कुराको ज्योतीषी धर्मराज बस्याल (१९६९-२०५८) द्वारा पटकपटक चर्चा हुनेगर्थ्यो ।

अर्घातोसका घणदास पाँडे (१९२७-२००७) अर्का भजन रचनाकार तथा गायक हुन् । उनका भजन गाउन र बुझ्न सहज भएको प्रतिक्रिया भजन गायक तथा पण्डित लक्ष्मीनारायण आचार्य (१९९२) ले दिएका छन् । घणदासको रचनामा भानुभक्तीय रामायण तथा सुब्बा होमनाथ केदारनाथ महाभारत शैली पाइन्छ । यिनका भजनका अन्त्यानुप्रास माहाँ, ताहाँ जस्ता शब्दावलीको प्रयोग बढी पाइन्छ भने हरिदासका भजनमा लाई, जाई, खाई, होई..... जस्ता शब्दावलीले अनुप्रास मिलाइएको पाइन्छ । अहिले अर्घाखाँची, गुल्मीमा गाइने शास्त्रीय भजनहरू प्रायः यी दुईजनाबाट सृर्जित रहेको पाइन्छ ।

खिदिमका दधिराम मरासिनी (१९३९-२०२०) ले नेपाली समाजलाई नेपाली भाषाश्लोक सङ्ग्रह, कर्मकाण्डभाष्कर जस्ता ओजिला ग्रन्थ दिएका छन् । स्वामी लक्ष्मीनारायणकै कुलमा उनको देहावसानकै वर्ष जन्मेर कुलको यश बढाउने संयोग जुर्नुलाई अनौठो संयोग मान्नुपर्छ । कवि शिरोमणी लेखनाथ पौडयाललाई कविता गर्न सिकाउने दधिरामले आफ्नो जन्मथलोलाई कर्मथलो बनाएर खिदिमको हरिहर पाठशालाको प्राचार्यको रूपमा शिक्षाक्षेत्रमा जुन अपूर्व योगदान गरे, सो कुरा अर्घाखाँचीबासीका लागि युगौंयुगसम्म सम्झिरहिने शैक्षिक इतिहास बनेको छ । दधिरामको शैक्षिक नेतृत्व र हरिहर गौतम (१९५९-२०....) आर्थिक सहयोगमा जन्मेको यस संस्थाले २०६९ मा आफ्नो पचहत्तरौँ जन्मदिवस (हीरक जयन्ती) मनायो । यो हाम्रो लागि गौरवको कुरा हो ।

हुनत त्यसभन्दा पाँच वर्ष पहिलै हालको अर्घारजस्थल माध्यमिक विद्यालयले पनि हीरक जयन्ती मनाउनुपर्ने हो । इतिहास स्मरणमा आएको सुषुप्तिले त्यो हुन सकेन । अर्घा क्षेत्रका गुठीका तालुकदार तेजनाथ भुसाल र त्यस विद्यालयका सुरुका विद्यार्थी लोकनाथ भुसाल(१९८१)का अनुसार अर्घारजस्थल भाषा पाठशालाका नामले वि.सं. १९९०मा ज्ञवा गुल्मीका पं.तुङ्गनाथ ज्ञवाली सरकारी तलब खाने गरी नियुक्त भै भगवती मन्दिर क्षेत्रको दरबारमा सञ्चालन गरिएको थियो । त्यसको दुई वर्षपछि नौरथा बस्ने ठाउँमा चलाइयो । पं.तुङ्गनाथसँगै ज्ञवाबाटै पढ्न आएका विद्यार्थी हैजा लागेर मरेपछि पढ्ने ठाउँ गैरागाउँमा सारियो । १९९४ तिर तुङ्गनाथ सरुवा भै गएपछि सो ठाउँमा अर्घाकै पं.ज्ञानेश्वर पोखेल नियुक्त भै आए । वि.सं. २०१० मा सो विद्यालयमा एकजना टहलुवाको दरबन्दी आयो । त्यसमा ज्योतीषी जीवलाल भुसालले नियुक्ति पाए । यसबेलासम्म पाठशालाको भवन मैदानमा बनिसकेको थियो । जसको भग्नावशेष अझसम्म पनि देख्न सकिन्छ । २०२७ सालतिर पं.ज्ञानेश्वरले अवकाश लिए र सो ठाउँमा अर्घा अँधेरीका हेमराज आचार्य (हाल हतौसा कपिलबस्तु) ले अध्यापन गर्न थाले । सो विद्यालय अहिले

अर्घा रजस्थल माध्यमिक विद्यालयको नामले अर्घा रइसचौरमा सञ्चालित छ ।

त्यसो त यसअघि पनि अनौपचारिक रूपमा अध्ययन अध्यापन गराउने गुरुकुलको छाँटको दलाने पाठशालाले आवश्यक व्यावहारिक कुराहरू सिकाएर शिक्षाको खाँचो पूरा गर्दै आएका थिए । सामान्य शिक्षित गुरुसँग शिक्षित हुँदै दिक्षित हुने चलन थियो । श्रीमद्भागवतको पदार्थ गर्नु त्यस बखतको अध्ययनको उच्च लक्ष्य मानिन्थ्यो । पण्डित उपाधिसहित कार्यक्षेत्रमा प्रवेश गरेपछि प्राप्त हुन्थ्यो । राम्रो पढेकालाई बेकर्न भएको भन्थ्यो जनबोलीले । वैयाकरण शब्दबाट बनेको घरायसी शब्द थियो त्यो । व्याकरणलाई विशेष महत्त्व दिएको प्रमाण !

अर्घाका मु.खिमानन्द भुसाल (१९२०) का अक्षर र लेखाइको भाषिक ढाँचा हेर्दा राम्रै पढालेखा जस्तो देखिन्छ । उनको पढाइ भने दलाने पाठशाला नै हो । उनले कति पढ्ने भन्ने अर्ति दिँदा केवल तीनवटा अक्षर पढे पुग्छ भन्थे भन्ने कुरा निकै चर्चित थियो । ती तीन अक्षर थिए बु झे र । उनका साहिँला छोरा पं. वेदनिधि भुसाल (१९४९)का घरमा पं.लक्ष्मीनारायण आचार्य (१९९१) ले पढेको बताउँछन् ।

माझकोटका हर्कु भट्टराई (१९०५)ले पनि आफ्ना घरमा पठनपाठन गर्ने गरेको इतिहास छ ।सो दलाने पाठशालामा तुम्कोटका हिमलाल पराजुली (१९४७) ले पनि पढेका थिए । हिमलालले आफ्ना गाउँमा पनि भाइ छोरा भतिजालाई त्यसैगरी पढाएका थिए जसरी आफूले पढे र उनैसंग अक्षर चिन्ने सौभाग्य पाएको थियो यो पङ्तीकारले पनि ।

भगवती काहुले भ्वाँगका गोबिन्द मरासिनीको दलाने पाठशाला पनि निकै गर्व गर्ने लायकको बताइन्छ । उनको संगत गरेका डा. टीकाराम पन्थीले यसबारेमा आत्मैदेखि प्रशंसा गरेका छन् । बलकोटका खनाल थरमा पनि दलाने पाठशाला रहेको बताइन्छ । त्यसै पद्धतिबाट अघि बढ्दै गएका अनिरुद्ध खनाल वि.सं. १९९६-२००२ सम्म हरिहर पाठशालामा पढेका र पछि सरकारी सेवामा प्रवेश गरी माध्यमिक विद्यालय निरीक्षकसम्म भएको कुरा जानकारीमा आएको छ ।बल्कोट पौवामा संस्कृत पाठशाला स्थापना भएको र सो पाठशालामा पढाउन २००९ सालतिर ज्ञवा चौताराका जीवलाल गौतम (१९६३) आएका थिए ।

वाङ्लामा पं. पिताम्वर भट्टराईको पण्डित्याइँ राम्रै चलेको बताइन्छ । तिखेथुम (तीर्थथुम) मा स्थापित संस्कृत पाठशालामा डिभर्नाका पं. रुद्रनाथ आचार्यले सुरुका केही समय अध्यापन गरेका थिए ।

झँडी बराङ्दीमा घरायसी हिसाबले शिक्षित भएका ज्योतिष जीवलाल बसेल (१९४३) ले आफ्ना छोरासमेत छरछिमेकका बालबालिकालाई आफ्नै घरमा पढाएका थिए । मनिराम डिठ्ठा र पुनाराम जिम्मालको पनि त्यस क्षेत्रको शैक्षिक व्यवस्थापनमा सक्रियता रहन्थ्यो । त्यही क्रममा शिक्षा लिएका धर्मराज बसेल (१९६८-२०५८) ले पटुवाथुममा चौपारी कटेरामा बालबालिका जम्मा गरी पढाउँदै गर्दा २०१६ सालमा स्थापित पार्वती प्रा.वि.(हाल नि.मा.वि.) का संस्थापक अध्यापक बन्ने अवसर प्राप्त गरेका थिए । सो विद्यालयमा २०२० सालतिर सत्यवान सावित्री नाटक मञ्चन गर्दा धर्मराज बसेल नारदको भूमिका खेलेको र मोदनाथ प्रश्रितले पनि सो नाटकमा खेलेको कुरा उनी हर्षसाथ बताउँथे । आफूले पढाएका विद्यार्थी होमनाथ भट्टराई जिल्लाको पहिलो विद्यावारिधिक हुनु र राजकुमारदास कक्षपती सहायक अञ्चलाधीशसम्म हुनु उनका लागि गौरवको विषय थियो । ज्योतिष विद्या सिक्न आफू पटकपटक कुरका सनु ज्योतिषीकहाँ, तिलकराम भुसालकहाँ जाने गरेको बताउने धर्मराजले भृगुसंहिताबाट चिना हेर्ने भनी बयान भएका सनु ज्योतिषी थिए भन्ने गर्थे ।

डिभर्ना आफ्रमा सुबेदार साहिँला आचार्यका घरमा पनि दलाने पाठशाला थियो । यही नै रुद्रनाथ आचार्य (१९८२) समेतले अक्षरारम्भ गरेका थिए । यहाँको सामान्य लेखपढपछि वि.सं. १९९६ मा खिदिम गई बल्कोटका अनिरुद्ध खनालको सहपाठी भै पढेको कुरा पं. रुद्रनाथ बताउँथे । पछि तिखेथुमको संस्कृत विद्यालयमा केही समय पढाई २०१८ सालमा डिभर्नामा नै संस्कृत विद्यालयको संस्थापक सरकारी शिक्षकको रूपमा अध्यापन गरी उनले सेवानिवृत्त भएका थिए ।

रिडी नदीको शिर घेरका लेकको काखमा रहेको बाँगीमा पुराना समयको पठनपाठनको झलक प्रकाश पार्दै डबल बि.सी भन्छन्- कर्नमारेका भिउसिन खड्का (१९२५) पर्वत जिल्लाको पाङ गएर ज्योतिष पढेर आए पछि उनले आफ्नै घर अक्षर चिनाउने र ज्योतिष पढाउने गरेका थिए । उनको शेषपछि उनकै छोरा नृपबहादुर (१९५०) ले यस परम्परालाई थामे । उनीसंगै पढेका बाँस्टारीका नरबहादुर बस्नेत (१९७५) आफ्ना गाउँका भाइभतिजालाई पढाउने काम गरेका थिए । २०१२/ १३ सालतिर डाँडाका पोखामा छाप्रो हालेर अँधेरीका खुविराम आचार्यले पढाएका थिए । उता ज्यो. नृपबहादुरले र वेदवा बालकृष्ण खनालले कर्नमारेका पोखरीको पूर्वपट्टि जग्गा सम्याएर आ-आफ्नो विषय नृपले ज्योतिष र बालकृष्णले कौमुदी, चण्डी, वेद पढाउने गरे । हिउँदमा पाहार र गर्मीमा सित्तलमा बसेर पठनपाठन गर्ने गुरुहरूले वर्षामा भने गाईका गोठमा पढाउने गर्थे । वन लैजान गाई फुकाए पछि पाठशाला चालू हुन्थ्यो, वनबाट गाई आए पछि छुट्टी हुन्थ्यो । पशुपालनसँग अन्तरसम्बन्धित पढाइ थियो त्यो ! त्यसबेला सिकेको ज्योतिष विद्यालाई द्रोणबहादुर खड्काले अझै प्रयोग गर्दै छन् ।

अर्घा अँधेरी मुडेका पोखा छेउमा २००९ सालतिर स्याउलाले बारेको छाप्रोमा अर्घाका पाठशाले पण्डितका छोरा रामजी पोखेल (१९८९) ले पठनपाठन गर्ने गरेको थिए । सो छाप्रो भत्केपछि दिउँसो गाईको गोठमा पढाउने गरेको त्यसबेलाका विद्यार्थीहरू ईश्वरी भुसाल, कमल पन्थी, टेकराज आचार्य समेतले बताउँछन् ।

खनमा संवत्सर फल श्रवण गर्ने एक नौलो संस्कार थियो । फागु पूर्णिमाका दिन लठ्ठी नचाउँदै फागु खेलेपछि पात्रामा लेखिएको वर्ष फल वाचन गर्ने गरिन्थ्यो । यसले वर्षे बाली लगाउने योजना गर्न मानसिक रूपमा तैयार गराउँथ्यो ।

नरपानीको काखमा रहेको जगातमा वि.सं १९९५ तिर चन्द्रमणि लम्सालले आफ्नै घर आँगनमा छरछिमेकका बालबालिका पढाएको कुरा सो बेलाका विद्यार्थी गोविन्द न्यौपाने (१९९०) ले बताएका छन् । पछि २००१ सालतिर स्थानीय शालिकराम भट्टराईले जगातको ठाँटीमा सो पठनपाठनलाई निरन्तरता दिए । २०१६ सालमा विद्यालय खुलेपछि घर दलानमा गरिने पठनपाठन विद्यालय पठनपाठनमा रूपान्तरण भयो ।

अर्घा धरम्पानीका टीकाराम आचार्य (१९६२) जसलाई पछिल्लो पिँढीले बूढा नानीबा भनेर पनि भन्थे, ले आफ्ना घरमा गाउँघरका केटाकेटी पढाउने काम गर्थे । पठनपाठनको सुरू विशेष गरी सरस्वती पूजाका दिन गरिन्थ्यो । त्यस बाहेकका दिन पढ्न सुरु गर्दा प्रतिपदा, अष्टमी, चतुर्दशी, औँसी र मङ्गल, शनिवार छोडेर विद्यारम्भ गरिन्थ्यो/गराइन्थ्यो । शुक्रबार, आइतबार मध्यम र बुधबार, सोमवारलाई पनि काम चलाउको रूपमा लिने गरिन्थ्यो ।

टीकारामले नजिकका केटाकेटीलाई साँझमा र अलि टाढाकालाई बिहानमा पढाउने गर्थे । साँझमा पढ्नेहरूमा मेजर टोला, अमराई र खरिखोलासम्मका हुन हुन्थे । दिउँसो मसिना झिँजा दाउरा खोजेर

तिनैको आगोको उज्यालोको सहारामा पढ्ने पढाउने काम हुन्थ्यो । कहिलेकाहीँ मटीतेलको ढिब्रीसमेत बालिने कुरा ओमप्रकाश भुसासले सुनाउँथे । टीकारामले अक्षर चिनाउने, चण्डी, वेद, कर्मकाण्ड समेत पढाउने गर्थे । पछि यस कामलाई उनका छोरा लक्ष्मीनारायणले पनि सघाएका थिए ।

ढाँडमा दलाने पाठशाला होमनाथ घिमिरेका घरदलानमा चल्ने गरेको पाइएको छ । सो पाठशालामा गुरुको भूमिकामा खिदिमका पं. कृष्ण मरासिनी, फबिन्द्र मरासिनी, वामदेव मरासिनी, सुवर्णखालका पं. सिद्धिनाथ पाण्डे (जसलाई शुक्र पण्डित पनि भन्थे) र पटौटी निगालीका छविश्वर भुसाल रहेका थिए । यीमध्ये कृष्ण मरासिनीको लामो समयको योगदान रहेको बताइन्छ ।

सुवर्णखालमा वि.सं. १९९० तिर जुकेना दाङसिडका पुष्करनाथ पण्डितलाई बोलाएर मोन्द्रे माइकास्थाको चौरमा केटाकेटी पढाउन लगाइएको थियो । पछि त्यसै ठाउँमा मोन्द्रेकै ऋषिराम पौडेलले बालबालिकालाई अक्षर चिनाउने काम गरेका थिए ।

२००८ सालतिर संस्कृत पाठशाला स्थापना गर्दा दौंघाका लोकनाथ ज्ञवाली आएर पढाउने काम गरेका थिए । त्यहाँ पढ्न आउनेले महिनाको साढेसात पाथी अन्न दिनुपर्थ्यो । यो अलि धेरै भएन र भनी सोध्दा 'उनका घरको समस्या पनि त टर्नुपर्‍यो नि' भन्ने तर्क इन्द्रमणिको थियो । सो अन्न भरियालाई बोकाएर गएका इन्द्रमणिलाई यो अनुभव अझै पनि ताजै जस्तो लाग्छ । पछि निगालीका मेघराज न्यौपाने र धातिबाङकै टीकाराम पौडेलले पनि बालबालिका पढाउने काम गरेका थिए ।

हेमा बस्याल (पौडेल) का अनुसार २०२१ सालतिर वाङ्ला कोटफेराकी विधवा महिला (लगभग २२ वर्ष उनको एउटा छोरो पनि थियो) ले भञ्ज्याङ हाल टेकलाल पौडेलका घर मास्तिर एउटा बस्न मिल्ने खालको कटेरामा बसी केही समय पढाएकी थिइन्। महिला अध्यापक भै सञ्चालन गरेको अहिलेसम्मको जानकारीमा आएको यो नै पहिलो दलाने पाठशाला हो ।

खिल्जीमा छविलाल जैसी बेल्बासे (१९६०) ले आफ्ना घरमा अक्षर चिनाउने काम गरेका थिए ।

हंसपुरको शैक्षिक इतिहासमा वेदथला सधैं सम्झिइन्छ । स्थानीय होमनाथ अधिकारीका अनुसार २००५ सालतिर खिदिमका गुरु देवीराम मरासिनीले वेदथलामा स्थानीय बालबालिका जम्मा गरी अक्षर चिनाउने काम गरेका थिए । सिरेनीका कृष्ण अधिकारीका घरमा पनि दलाने पाठशाला चलेको थियो । चोपनारायण रिजाल (भुसाल)ले पनि आफ्ना घरमा दलाने पाठशाला सञ्चालन गरी हंसपुरमा शैक्षिक योगदान दिएका थिए ।

स्थानीय कुलचन्द्र मरासिनीका अनुसार २००९ सालमा मेहेलपानीमा प्रारम्भिक पाठशाला खुले पछि पनि बसुमाटा भन्ने ठाउँका रामप्रसाद भुसालका घरमा मानाचामल र भेटी उठाएर पढ्ने चलन थियो । यहाँ योगी महाराज (फिरन्ते सन्त) ले २०१३ सालतिर पढाएका थिए । उनी पछि बाँगी भण्डारका होमनाथ आचार्यलाई बोलाई पठनपाठनलाई निरन्तरता दिने काम भयो, विद्यालय नखुलुन्जेलसम्म ।

सुबोधिनी माध्यमिक विद्यालयका प्रधानाध्यापक गणेशप्रसाद बेल्बासेका अनुसार सिद्धाराको बर्रेमा वि.सं.२००० सालतिर शिवलाल बेल्बासेका घरमा दलाने पाठशाला सञ्चालित थियो । २०१२ सालतिर सार्वजनिक ठाउँमा भवन बनाई खिदिमका तुङ्गनाथ भट्टराईले पठनपाठन गर्ने गरेका थिए । त्यसैगरी उपल्ला सिद्धारामा २०१० सालतिर देहरादुने मास्टरले अङ्ग्रेजी, नेपाली, गणित जस्ता विषय पढाउने गर्थे । पढाउने ठाउँ स्थानीय अभिभावकको सल्लाहमा तय हुन्थ्यो भन्ने कुरा त्यसबेलाका स्थानीय बासिन्दा नन्दराम पराजुलीले बताए ।

माथिका विवरणहरूलाई हेर्दा एक गाउँको शिक्षित व्यक्ति अर्को गाउँमा गई पढाउने गरेको देखिन्छ। त्यसमा खिदिम, कुरको योगदान उल्लेख्य देखियो। अझ अनौठो कुरा त के देखियो भने कुनै क गाउँको व्यक्ति ख गाउँमा गएर पढाएको छ तर ग गाउँको व्यक्ति क गाउँमा आएर पढाएको छ। यसले स्थानीय योग्यतालाईभन्दा बाहिरी योग्यतालाई प्रश्रय दिन चाहेको कुरा देखाउँछ।

अर्घाखाँची, गुल्मी, पाल्पा र यस वरिपरिका क्षेत्रमा कुनै शुभकार्यको समापनमा (एक दिनभन्दा बढी चल्ने भए समापनभन्दा अघिल्ला दिनहरूमा साँझ स्थगनको समयमा) पुष्पाञ्जलि गर्दा यं ब्रह्मा.....अच्युतं केशवं ....जस्तै गरी गतिगञ्जित.......पाठ घोरपारेर गाउने गरिन्छ। संस्कृत भाषा कठिन किसिमले संयोजन गरिएको यो स्तोत्र गेय  माधुर्यताको लागि उदाहरणीय छ। वृत्यानुप्रासले सजिएको यो रचना यस क्षेत्रमा श्रुति परम्परामै बाँचेको अवस्थामा गुल्मी नयाँगाउँका विष्णुप्रसाद खनाललाई सकेसम्म शुद्ध रूपमा लेख्न आग्रह गरी तुम्कोटबाट प्रकाशन हुने कालिका अङ्क ३,२०५८ मा छपाइएको थियो। सो स्तोत्रको बारेमा डा. टीकाराम पन्थी र मोदनाथ प्रश्रितसँग चर्चा हुँदा दधिराम मरासिनीभन्दा अघि नै रचिएको हुनसक्ने थाहा पाइएको थियो। तर पछि शोधखोज हुँदै जाँदा उक्त कविता खिदिमका टीकाराम धनञ्जयले लेखेको भन्ने प्रमाणित भै उनको जीवनी कृतिमा प्रकाशित भएको कुरा प्रश्रितबाट थाहा हुन आएको छ।

नेपाली भाषामा श्री भागवत कथासार नामक सत्तरी श्लोकको (२ वटा संस्कृत र ६८ वटा नेपाली) बीस पृष्ठको दुई आना मूल्यको कृति अर्घा अँधेरीका पं.खुबीराम आचार्यले २०१२ सालमा काशीमा छपाएका थिए।

यो कृति संभवतः अर्घाखाँचीबासीको प्रथम मुद्रित एवं प्रकाशित नेपाली भाषाको कृति हुन सक्छ। मोदनाथ प्रश्रितलाई बहुआयामिक व्यक्तिको रूपमा चिनाउन कुनै पनि शब्द वा शब्दावलीको आवश्यक छैन। मानव महाकाव्य लेखेर अर्घाखाँचीको नाम मदन पुरस्कारसँग जोड्ने श्रेय साहित्यकार मोदनाथ प्रश्रित (१९९९) लाई छ। यो हामी अर्घाखाँचीवासीको घरायसी गौरव हो र देशको सन्दर्भमा राष्ट्र गौरव पनि हो। शिक्षा, संस्कृति, पुराण, इतिहास, मानवशास्त्र, भाषा, आयुर्वेद, वेद, संस्कृत साहित्य, राजनीति.......... आदि क्षेत्रमा उत्तिकै समीक्षात्मक कलम र प्रवचनको माध्यमले आफ्नो ख्याति सृजेका प्रश्रित यस कालखण्डका अद्वितीय व्यक्ति हुन्। धेरै क्षेत्रमा हात हाल्ने व्यक्तिमा कुनै विधामा पनि निखार आउन्न भन्ने मान्यता प्रश्रितका सन्दर्भमा झूठो सावित भएको छ।

डुलघुमको क्रममा नैनिताल पुगेका एक जना साथीसँग त्यहाँका एक जना प्रोफेसरले नेपाली भएको परिचय पाए पछि प्रश्रितजीको के खबर छ ? भनी हिन्दीमा सोधेछन्। उनले भनेछन् - मलाई नेपाली बोल्न त आउन्न तर नेपाली राम्ररी बुझ्छु। प्रश्रितका थुप्रै पुस्तक पढेको छु। ती प्रोफेसरका कुराले साथीलाई अलिकति लज्जानभूति भएको कुरा जनाएका थिए। 'टाढाको जोगी सिद्ध, गाउँको सिद्ध भातमारा' भन्ने उखान हाम्रो सामाजिक व्यवहारमा लागू हुन्छ र भएको पनि छ।

यी माथिका प्रसङ्ग मैले प्रश्रितको प्रतिभा संरक्षण तथा संबर्द्धनका लागि उक्काएको हुँ। सात दशकको जीवन यात्रामा रहेका प्रश्रितले कैयौँ यस्ता रचना, कृतिहरू सृजेका छन् जसले कैयौं पाठकको जीवनको गोरेटो कोरेका छ, बौद्धिक खुराक दिएको छ। पञ्चायत कालमा प्रश्रितका किताब पढ्नु अपराध मानिने अवस्था थियो र पनि उनका रचनाहरू झन् धेरै पढिए।

जीवन प्रवाह सधैँ एकनासको हुँदैन। कहिले शान्त, कहिले आवेग, आक्रोश, संवेग, निराश ...

यस्तो अवस्थामा लेखकीय सृजनामा पनि त्यसको छाप नपरी छाड्दैन र प्रश्रितका लेखनमा पनि त्यसको छाप नपर्ने कुरै भएन । त्यसैले अब प्रश्रितले शान्त मनस्थितिमा आत्मसमीक्षा गर्नुपर्छ । यसले प्रश्रितको जीवनलाई स्थितप्राज्ञको रूपमा स्थापित गर्न सघाउने छ भने तल्लो पिँढीका लागि एक मूल्य मान्यताप्रति अनुलक्षित हुन सघाउनेछ ।

मोती भुसाल, टङ्क भुसाल राजनैतिक आस्थाका आधारमा सरकारद्वारा मारिएका व्यक्ति हुन् । काशीनाथ गौतम अर्घाखाँची जिल्ला अस्तित्वमा नआउँदैका खिदिममा जन्मेका नेता हुन् । अर्घातोसका मोहन बन्जाडे र ढाकाबाङका ठाकुर बेल्बासेले नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सवमा पुरस्कृत भै अर्घाखाँचीलाई राष्ट्रिय रूपमा चर्चित तुल्याएका छन् । पण्डित दिव्यदेव ज्ञवाली, मित्रलाल भुसाल, पं होमनाथ आचार्य, पत्रिका सम्पादक उत्तम कुँवर, काशिराज उपाध्याय, युवराज पाण्डे पनि अर्घाखाँचीले सम्झिने पात्र हुन् ।

शिक्षा अक्षर शिक्षा मात्र होइन, कृति अक्षर कृति मात्र होइन, कर्म कृति पनि हुन्छन् । कुनै बेला त व्यक्ति नै कृति बन्दो रहेछ । त्यस्तै केही व्यक्तिमध्येकी थिइन् अर्घा पोखेडाँडाकी रुन्सी पराजुली (१९६०) । उनको वास्तविक नाम के थियो कुन्नि ? तर उनको प्रख्याति रुन्सीमै थियो । मुखिया, जिम्मावाल, थरी, डिठ्ठा, विचारी जस्ता भद्रभलादमीका काबुमा आउन नसकेका मुद्दा रुन्सीका काबुमा आउँथे भनिन्छ । खस्रो र खरो स्वभावकी यी महिलाले २०३६ सालमा प्रमुख जिल्ला अधिकारीसँग गरेको चर्को प्रतिवादको प्रसङ्गले निकै चर्चा पाएको थियो ।

वाङ्लाकी मनकला भुसाल (१९७०) अर्की त्यस्तै चर्चामा आएकी महिला हुन् । मनकलाको तर्कपूर्ण बोलाकी प्रवृत्तिको पछिसम्म उदाहरण दिइन्थ्यो ।

बाह्र तेह्र वर्षे उमेरदेखिनै सरकारी औपचारिक कार्यक्रममा वक्ताको रुपमा आफ्नो वक्तृत्वकला प्रस्तुत गर्ने पम्फा भुसाल अर्घाखाँचीले सम्झिरहने नाम हो । हाम्रो देशको पार्टी अध्यक्ष हुने **पहिलो महिला** को उपाधि उनलाई जुरेको छ ।

पाल्पाको खस्यौलीदेखि प्यूठानको बिजुवारसम्म हुलाकी बाटोको छेउछाउ र फराकिलो चौरमा आँपका बिरुवाहरू लगाई बगैंचे कृतिलाई मलजल गर्ने खनियाबासका मोतिकुमार श्रेष्ठ (१९४४) हुन् । उनले एउटा बिरुवा जिम्मा लिएर हुर्काए वापत वार्षिक एक मोहर वा एउटा घरबुनाको भोटो दिन्थे भन्ने भनाइ छ । पाटीपौवा बनाउने, बगैंचा लगाउने, वर, पीपल, समी हुर्काएर बिहे(बिहे चाहीँ वर र पीपलको गरिदिने चलन छ) गरिदिने, पोखरी खन्ने, १०८ गाईलाई नुन हाल्ने चलनले जल,वनस्पति र पशुहरूप्रतिको अगाध प्रेमको शिक्षा दिन्छ । अर्घाखाँचीको यस्तो गौरवमय संस्कार अहिले विलयको सँघारमा छ ।

पाटीपौवा बनाउने, धरम्पानी राख्ने (बाटोको छेउमा बटुवाको लागि पानीकोघैंटो राख्ने चलन) अर्घाखाँचीमा मौलाएको संस्कार हो । सनद सिं कर्णेलको बल्कोटको पौवा अर्घाखाँचीको वास्तुकलाको अद्वितीय नमुना हो । यस पौवामा कैयौं ओतिए, आनन्दसंग रात कटाए, मुड्का, चँपुवा, टुँडाल (टेकासी) मा हेरेर कैयौं रमाए, लजाए, त्यसकै आश्रयमा विद्यालय चले, विभिन्न सरकारी कार्यालय पनि चले, धेरै योगदान र चर्चा बोकेको वास्तु कृति हो यो । वाङ्लाको पुच्छारमा रहेका लामो पाटी जसका कारण त्यस ठाउँको नामै लामपाटी रहेको छ,जङ्गबहादर राणाले बनाउन लगाएको भनिन्छ । उनका बुबाआमा उसबेलाको नेपाल (काठमाडौं) जाँदा उनी त्यसै ठाउँमा जन्मेकाले जन्मठाउँको सम्झनामा उक्त पाटी

निर्माण गर्न लगाएको भन्ने भनाइ छ ।

**उपसंहार,** यो आलेख एकल प्रयासले जाने बुझ्नेसम्म गर्न सकेको टिपोट मात्र हो। यी सम्पूर्ण कुराहरू अर्घाखाँचीका शैक्षिक र सांस्कृतिक क्षेत्रका केही प्रतिनिधि रिपोट हुन् । त्यस बेलाका अभिभावकहरूले आफ्ना सन्तानलाई पढाउनका लागि आफ्नो हैसियतअनुसारको जुन रुचि देखाए, त्यही पृष्ठभूमिले आजको हाम्रो शैक्षिक स्थितिको प्रतिविम्वन गरिरहेको छ । जसरी सिमसिम पानी परेको बेला खेतमा पानी चाहार गर्दा छिटो छिटो खेत भिज्छ आजको शिक्षाको द्रुततर विकासको स्थिति पनि त्यही हो । त्यसैले प्रत्येक गाउँगाउँबाट, प्रत्येक ठाउँठाउँबाट हामीले ती पूर्खाहरूलाई सम्झनुपर्छ जसले जिल्लाको शैक्षिक अवस्थालाई सहज बनाउन निःस्वार्थ भावले लागे । अहिले गाउँगाउँमा विद्यालय खुलेका छन् । विद्यालयले स्मारिका प्रकाशन गर्ने पहल गरी त्यो विलयको संघारमा पुगेको इतिहासलाई संरक्षण गर्नुपर्छ, इतिहाससित कृतज्ञ बन्नुपर्छ । इतिहासप्रति कृतघ्न बन्ने व्यक्तिमा आत्मबलको ह्रास हुन्छ र शाखा सन्तान आत्मबलहीन हुन्छन् । यसबाट हामी पनि बच्नुपर्छ र आफ्ना शाखा सन्तानलाई पनि बचाउनुपर्छ ।इतिहास सम्झँदै गरे ताजा हुन्छ र पुराना वास्तविकता तल्लो पिँढीलाई सम्झाउन बुझाउन सकिन्छ ।

एक व्यक्तिको लेखकीय सीमाभित्र समेटिन अवसर नमिलेका ती हाम्रा पूर्वजहरूलाई, अबका दिनमा पूर्वजका कृति खोज्नेलाई सबैलाई हार्दिक नमन गर्छु । वेदका ऋचाले पनि त भनेको छः

नमो जेष्ठायच कनिष्ठायच, नमः पूर्वजायच चपरजायच ।

नमो मध्यमायचपगल्मायच, नमो बुध्नायच जघन्यायच ।

ॐ स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वति नस्ताक्ष्र्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।

ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवाः भद्रं पश्यमाक्षभिर्यजत्रा
स्थिरैरङ्गैस्तुष्ट वासस्तनुभिर्व्यशेम देवहितम् यदायुः ।

ॐ पश्येम शरदः शतम् । जीवेम शरदः शतम् । बुध्येम शरदः शतम् । रोहेम शरदः शतम् । पूषेम शरदः शतम् भवेम शरदः शतम् । भूयेम शरदः शतम् । भूयसीः शरदः शतात् ।

ॐ विश्वानि देव सवितर्दुरितानि परासुव ।
यद् भद्रं तन्न आ सुव ।

ॐ द्यौः शान्तिरन्तरिक्ष शान्तिः
पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ।
वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः
सर्वं शान्तिः शान्तिरेव शान्तिः सामा शान्तिरेधि ॥
ॐ शान्तिः शान्तिः शान्तिः ॥

# सन्धिखर्क नगरपालिकाको वर्तमान शैक्षिक अवस्था, चुनौती सम्भावना र भावी रणनीतिहरू



युवराज भुसाल

**पृष्ठभूमि**

लुम्बिनी प्रदेशको पहाडी जिल्लाको अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहमध्ये सन्धिखर्क नगरपालिका सदरमुकामको स्थानीय तहको रूपले परिचित छ । नेपाल एकीकरण हुनु अगावै तत्कालीन चौबीसे राज्यहरू अर्घा र खाँचीको निरन्तर अर्थहीन संघर्षबाट वाक्क भएका राजाहरूले आ-आफ्नो भूभागमा सिमित रही थप भूगोलको विस्तार नगर्ने गरी बाँगी खोलाको किनारको खर्कमा बसी सन्धि गरेकोले यस ठाउँको नाम सन्धिखर्क रहेको र जिल्लाको नाम अर्घाखाँची जिल्ला रहेको कुरा इतिहासमा स्थापित भएकोले यसको ऐतिहासिक राजनैतिक पृष्ठभूमी बेग्लै रहेको अनुभूत गर्न सकिन्छ ।

**भौगोलिक अवस्थाः**

अंक्षश तथा देशान्तरका हिसाबले यो २७ डिग्री ५८ मिनेट उत्तरी अंक्षश र ८३ डिग्री ८ मिनेट पूर्वी देशान्तरमा पर्दछ ।

**सिमानाः**

पूर्वः छत्रदेव गा.पा. र पाणिनी गा.पा.
पश्चिमः भूमिकास्थान न.पा.
उत्तरः मालारानी गा.पा.
दक्षिणः शीतगंगा न.पा.

**प्रमुख नदीनालाः**

बाँगी खोला, घोचे खोला, भद्री खोला, खर्ज्याङ्ग खोला, दह खोला, मथुरा खोला आदी ।

**प्रमुख पर्यटकीय स्थलः**

अर्घा भगवती मन्दिर, अर्घा दरबार, सुपा देउराली मन्दिर, गोपेश्वर पीठ, मथुरा, खाँचीकोट भगवती मन्दिर, नरपानी, नर्तनाचल पर्वत, मसिनालेख, अर्घा घोर्लासी लेख, सिद्धेश्वर महादेव मन्दिर, वाङ्गला र सन्धिखर्कका मस्जिद, रतहलेको चर्च आदि पर्दछन् ।

**सामाजिक अवस्था र जनसंख्या**

सन्धिखर्क नगरपालिका बहुजाति, बहुधार्मिक, बहुभाषिक एवं बहुसाँस्कृतिक समुदायहरूको बसोबास गर्ने क्षेत्र भएकोले यो सांस्कृतिक र सामाजिक सौन्दैर्य (Cultural and social beauty) को हिसाबले धेरै धनी पालिकामा पर्दछ । मुख्य धर्म हिन्दू भए पनि बौद्ध, इस्लाम र ईसाइ धर्म मान्ने मानिसहरूको उपस्थितिले पनि यसको धार्मिक सौन्दर्यतालाइ पुष्टि गरेको देखिन्छ ।

**जनसंख्या**

| वार्ड नं | घर परिवार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | १६०६ | ४०७९ | ३८३० | ७९०९ |
| २ | १३९४ | ३६११ | ३३६० | ६९७१ |
| ३ | ३९२ | १०२७ | ९४३ | १९७० |
| ४ | ७१६ | २०५६ | १९९७ | ४०५३ |
| ५ | ६५८ | १९२४ | १६८१ | ३६०५ |
| ६ | ८६२ | २३६१ | २१६५ | ४५२६ |
| ७ | ९५६ | २४१९ | २२२१ | ४६४० |
| ८ | ८९३ | २२९८ | २१७३ | ४४७१ |
| ९ | ७६५ | २०३७ | १८६० | ३८९७ |
| १० | ७२९ | २०४२ | १९०२ | ३९४४ |
| ११ | ८६५ | २३३० | २१०६ | ४४३६ |
| १२ | ८५० | २२६८ | २०५२ | ४३२० |
| जम्मा | १०६८६ | २८४५२ | २६२९० | ५४७४२ |

स्रोत - वास योजना २०७७

**साक्षरताः ९७ %**

**शैक्षिक अवस्था**

**विद्यालय तह**

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १ | विद्यालय संख्याः ८५ | २ | सामुदायिक ६८ |
| ३ | माध्यमिक ११-१२ का ७ | ४ | माध्यमिक ६- १२ का २ |
| ५ | माध्यमिक १-१० का १ | ६ | आधारभूत १-८ का १० |
| ७ | आधारभूत १-५ का २२ | ८ | आधारभूत १-४ का १ |
| ९ | आधारभूत १-३ का १८ | १० | आधारभूत १-२ का १ |

| | | | |
|---|---|---|---|
| ११ | बालविकास केन्द्र ६५ | १२ | धार्मिक विद्यालय २ |
| १३ | माध्यमिक ६-९ का १ | | |
| १४ | संस्थागत १८ | | |
| १५ | माध्यमिक १-१२ का १ | १६ | माध्यमिक १-९ का १ |
| १७ | माध्यमिक १-१० का ५ | १८ | आधारभूत १० |
| १९ | बाल विकास केन्द्र ० देखि ० १ | २० | |

**उच्च शिक्षा**

पाणिनी बहुमुखी क्याम्पस स्नातकोत्तर तहसम्म
अर्घाखाँची शिक्षा क्याम्पस स्नातक तहसम्म

**प्राविधिक**

अर्घाखाँची टेक्निकल स्कूल १८ महिने Vet
सामुदायिक सिकाइ केन्द्र (CLC) ४
शिक्षक विद्यार्थी संख्या शैक्षिक सत्र २०७७

**सामुदायिक**

| तह | जम्मा विद्यार्थी | शिक्षक | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| बाल विकास | १०४८ | ६५ | १:१६ |
| आधारभूत १-५ | ३२९२ | २४७ | १:१४ |
| आधारभूत ६-८ | २०७९ | ६३ | १:३३ |
| माध्यमिक ९-१२ | २६६५ | ६७ | १:४३ |
| जम्मा | ९०८४ | ४४२ | १:२१ |

**संस्थागत तर्फ**

| जम्मा विद्यार्थी | शिक्षक | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|
| ४१६५ | २७६ | १:१५ |

**शिक्षक विद्यार्थी अनुपात १:३० भन्दा बढी भएका विद्यालयहरू**

| सि.नं | नाम | अनुपात |
|---|---|---|
| १ | श्री जनज्योति मा.वि | १:६४ |
| २ | श्री युवावर्ष जनता रविचित्र मा.वि | १:३५ |

|  |  |  |
|---|---|---|
| ३ | श्री समाजकल्याण आ.वि | १:३१ |
| ४ | श्री सरस्वती आ.वि वाङ्गला | १:३१ |
| ५ | श्री विजय मा.वि | १:३१ |
| ६ | श्री भगवती मा.वि | १:३० |
| ७ | श्री जीवनोद्धार मा.वि | १:३० |

**शिक्षक विद्यार्थी अनुपात १:८ भन्दा कम भएका विद्यालयहरू**

| सि.नं | नाम | अनुपात |
|---|---|---|
| १ | श्री दुर्गा आ.वि. स.न.पा. ३ | १:२ |
| २ | श्री जुहार आ.वि. स.न.पा. १२ | १:२ |
| ३ | श्री रानीपोखरी आ.वि. स.न.पा. ५ | १:४ |
| ४ | श्री जनप्रिय आ.वि. स.न.पा. ६ | १:६ |
| ५ | श्री ने.रा सरस्वती आ.वि. स.न.पा. ६ | १:७ |
| ६ | श्री टुनिपोखरा आ.वि. स.न.पा. ४ | १:७ |
| ७ | श्री जनजागृती आ.वि. स.न.पा. ९ | १:७ |
| ८ | श्री जनजीवन आ.वि. स.न.पा. ८ | १:७ |
| ९ | श्री जोगिकुटी आ.वि. स.न.पा. ६ | १:७ |
| १० | श्री संगम आ.वि. स.न.पा. ११ | १:७ |
| ११ | श्री आदर्श आ.वि. स.न.पा. १० | १:७ |

**नगरपालिकाले गरेका असल अभ्यासहरू**

- नगरपालिकाले संघीय शिक्षा ऐनसँग नबाझिने गरी सरोकारवालाहरूको सहभागितामा शिक्षा ऐन प्रकशित गरेको ।
- न्यून सिकाइ उपलब्धि प्राप्त विषयहरू गणित, विज्ञान र अंग्रेजी विषयको अतिरिक्त कक्षा सञ्चान गर्न सबै सामुदायिक माध्यमिक विद्यालयहरूको लागि रकम निकासा गरेको
- प्रत्येक वार्डका एक/एक विद्यालयलाई शिक्षाको गुणस्तर वृद्धिको लागि प्रोत्साहन रकम प्रदान गरेको
- विद्यालयहरूको भौतिक निर्माण सुधारको लागि आवश्यक रकम निकासा गरेको
- बाल विकास केन्द्रमा कार्यरत सबै शिक्षकहरूको लागि प्रोत्साहन रकम प्रदान गरेको
- उत्कृष्ट शिक्षक कर्मचारीहरूलाइ प्रत्येक वर्ष सम्मान गरेको
- बालविकासदेखि कक्षा छ सम्म अध्ययनरत सबै विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरेको
- सबै महिला विद्यार्थीहरूको लागि सेनेटरी प्याड वितरण गरेको

- सबै महिला विद्यार्थीहरूको लागि भिटामिन ए चक्की वितरण गरेको
- कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षाको प्रभावकारी व्यवस्थापन गरेको ।

**प्रमुख समस्या र चुनौती**

१. आधारभूत तह १-५ मा शिक्षक दरबन्दी पर्याप्त हुँदा पनि दरबन्दीहरूको समान वितरण हुन नसक्दा विद्यार्थीहरूको सिकाइमा नकारात्मक प्रभाव परेको ।

२. आधारभूत तह ६-८ र माध्यमिक तह ९-१२ मा आवश्यक विषयगत दरबन्दीको अभाव रहेको

३. सबै विद्यालयहरूमा ICT प्राविधिक जनशक्तिको व्यवस्थापन नहुँदा तथ्याङ्कहरूको व्यवस्थापनमा असर पुगेको ।

४. कम्प्युटर शिक्षक दरबन्दीको व्यवस्थापन नहुँदा कक्षा ६-८ को कम्प्युटर विषयको शिक्षण कार्य प्रभावकारी हुन नसकेको

५. सबै विद्यालयहरूमा विद्यार्थी संख्याको अनुपातमा शौचालयको व्यवस्थापन हुन नसकेको ।

६. पर्याप्त खानेपानीको व्यवस्थापन हुन नसकेको ।

७. वैज्ञानिक अनुगमन तथा सुपरिवेक्षण नहुँदा विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूलाई आफ्नो जिम्मेवारी अनुसार पूर्ण क्षमताका साथ सिकाइ सहजीकरणमा सहभागी गराउन नसकिएको ।

८. संघीय सरकारबाट विनियोजित रकमले अनिवार्य र निशुल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षा भन्ने संविधानको मूल मर्म व्यवहारमा कार्यान्वयनमा ल्याउन चुनौती भएको ।

९. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न नसकिएको ।

१०. पालिकाभित्र शिक्षा क्षेत्रमा क्रियाशिल NGO, INGO हरूलाई समन्वय गरी पालिकाको शिक्षा योजनाहरूमा सहभागी गराउन नसकिएको ।

११. विद्यालय र समुदाय बीचको सम्बन्धलाई प्रभावकारी बनाउन नसकिएको ।

**सुझावहरू**

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहबाट हुने व्यवस्था गरेकोले विद्यालय तहको शिक्षाको विकास स्थानीय सरकारको स्पष्ट दुरदृष्टिबिना असम्भव हुन्छ । शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधार भएकोले यसको विकासबिना अन्य क्षेत्रको विकासको कल्पना गर्न सकिँदैन । यसकारण स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि, शिक्षक, बुद्धिजीवी र विद्यालय व्यवस्थापन समितिको संयुक्त प्रयासबाट मात्र शिक्षाको वर्तमान अवस्थाबाट माथि उठ्न सकिन्छ भन्ने यथार्थलाई आत्मासात गर्दै पालिकाको शैक्षिक विकासको लागि तपसिलका क्षेत्रमा निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

**विद्यालयका भौतिक पक्षः**

१. नयाँ विद्यालयको अनुमति/स्वीकृति दिँदा शिक्षा नियमावलीको अनुसूची ३ को क देखि द सम्ममा उल्लेखित विद्यालयको भौतिक अवस्थामा राखिएका सबै सर्तहरू पुरा गरेर मात्र अनुमति दिने परम्पराको थालनी गर्ने ।

२. अनुमति/स्वीकृति पाइसकेका विद्यालयहरूलाई अनुसूची ३ मा उल्लेखित सबै पूर्वधारहरू पूरा गर्न

निरन्तर उत्प्रेरित गर्ने

३. हाल नगरपालिकाले सञ्चालन गरेको दिवाखाजाको व्यवस्थापन गर्न विद्यालय हाताभित्र एक खाजाघर/क्यान्टिनको व्यवस्थापन गर्ने

४. विद्यार्थीहरूको संख्याका आधारमा थप शौचालय र खानेपानीको व्यवस्थापन गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राख्ने ।

५. विद्यालय घेराबारलाइ अनिवार्य गर्ने र सबै माध्यमिक विद्यालयहरूले एक जना पूर्णकालीन २४ घण्टे पाले दरबन्दी सृजना गरी भौतिक सम्पत्तिको सुरक्षामा ध्यान दिने ।

६. विद्यालय हाताभित्र फुलबारी/करेसाबारीको व्यवस्थापन गर्ने ।

७. कम्प्युटर ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशालाको व्यवस्थापनलाइ प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

**ख. शैक्षिक पक्षः**

१. विद्यार्थी केन्द्रित शिक्षण सहजीकरण प्रक्रियालाई पूर्ण रूपमा कार्यान्वयन गर्न शिक्षकलाइ जिम्मेवार बनाउने

२. विद्यार्थीहरूका विविध क्षमता एउटै शिक्षण प्रक्रियाबाट पहिचान गर्न नसकिने भएकोले विविधतायुक्त सिकाइ सहजीकरण प्रक्रिया लागू गर्न विद्यालय प्र.अ. मार्फत शिक्षकहरूलाई उत्प्रेरित गर्ने

३. नियन्त्रित सकाइ वातावरण भन्दा सहयोगात्मक तथा स्व.क्रियाकलापमा आधारित सिकाइ वातावरण सिकाइको लागि अनिवार्य सर्त भएको अनुसन्धानबाट पुष्टि भइसकेका अवस्थामा अनुशासनका नाममा नियन्त्रित सिकाई वातावरणलाई सबै विद्यालयहरूमा निरुत्साहित गर्ने ।

४. मूल्याङ्कनको लागि ३ घण्टे लिखित परीक्षालाई मात्र प्राथमिकता दिइएको वर्तमान अवस्थामा सम्बन्धित तह र विषयको पाठ्यक्रममा उल्लेखित मूल्याङ्कन प्रक्रियालाइ अनिवार्य लागू गरी सोको अभिलेखलाई व्यवस्थित गर्ने ।

५. अतिरिक्त क्रियाकलापलाई नियमित गरी विद्यार्थीहरूको सर्वाङ्गीण विकासलाई जोड दिने ।

६. आधारभूत तहसम्म विभिन्न विषय तथा छुट्टै विषयको रूपमा स्थानीय विषय स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने विद्यालय पाठ्यक्रम निर्देशिकामा उल्लेख भएकोले नगरपालिकाको पहलकदमीमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

७. न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीहरूको लागि उपचारात्मक शिक्षणलाई विद्यार्थी र अभिभावकले अनुभूत गर्ने गरी प्रयोगमा ल्याउने ।

**ग. सामाजिक पक्षः**

१. विद्यालय र अभिभावक, विद्यालय र समुदाय, विद्यालय र जनप्रतिनिधि बीचको सम्बन्धलाई सु-मधुर गराउन SMC/PTA गठनमा सबै अभिभावकलाई सहभागिताको अनिवार्यता सुनिश्चित गर्ने ।

२. विद्यार्थीहरूको सिकाइ सहजीकरणमा अभिभावकको सहभागिता सुनिश्चित गर्ने, अभिभावक भेला तथा अन्तरक्रियालाई अनिवार्य गर्ने ।

३. समुदायमा आधारित संघ संस्था (CBOS) NGO, INGO सँग समन्वयात्मक व्यवहार प्रदर्शन गरी

विद्यालयको विकासमा उनीहरूको सहभागिता वृद्धि गर्ने ।

४. सामाजिक विकृतिविरुद्ध विद्यालयले आफूलाई सामाजिक परिवर्तनको प्रतिनिधि Social change agent को रूपमा विकास गरी सोहीअनुसार आफ्ना कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. विद्यालयका हरेक गतिविधिहरूमा महिला तथा उत्पीडनमा परेका समुदायहरूको सहभागिता वृद्धि गर्ने ।

**घ. आर्थिक पक्ष:**

१. संविधानमा आधारभूत तह निशुल्क र अनिवार्य, माध्यमिक तह निशुल्क भन्ने कुरा मौलिक हकभित्र सामावेश गरिनु तर संघीय प्रदेश र स्थानीय सरकारहरूले प्रत्येक वर्ष शिक्षामा बजेट विनियोजित गर्दा घटाउँदै लैजाने परिपाटिले विद्यालयहरू आर्थिक रूपमा हर्बल हुने अवस्थालाई समयमै तीनवटै सरकारले आत्मसात गरी शिक्षा क्षेत्रको बजेट क्रमश: वृद्धि गर्दै जानुपर्ने ।

२. नगरपालिकाले शैक्षिक कर Education Tax को अवधारणा अघि सारी एक स्थायी शैक्षिक कोषको स्थापना गरी सोही कोषको रकमबाट आर्थिक रूपले कमजोर विद्यालय र विद्यार्थीहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने परिपाटीको सुरुवात गर्ने

३. विद्यालयमा गरिने खर्चलाई पारदर्शी बनाउन सामाजिक परीक्षण र लेखा परिक्षणलाई व्यवस्थित गर्ने ।

**ङ. योजना तथा अनुगमन:**

१. सबै विद्यालयले निर्माण गरेका विद्यालय सुधार योजना SIP को सूक्ष्म अध्ययन गरी नगर शिक्षा योजनाको MEP को निर्माण गरी कार्यान्वयन गर्ने ।

२. विद्यालयहरूलाइ SIP निर्माण कार्य औपचारिकतामा मात्र नभई कार्यान्वयनको लागि हो भन्ने अनुभूति गराउने ।

३. नगर कार्यपालिकामा विद्यालय अनुगमन गर्ने प्राविधिक जनशक्तिको अभाव भएकोले माध्यमिक तहका ज्येष्ठ शिक्षकहरूबाट विज्ञ रोस्टर तयार गरी उनीहरूबाट आवश्यकता अनुसार विद्यालय अनुगमन तथा कक्षा अवलोकन कार्यलाई निरन्तरता दिने ।

४. प्रशासनिक अनुगमनको लागि विद्यालय प्र.अ र SMC लाई जिम्मेवार बनाउने र प्राविधिक तथा प्राज्ञिक सुपरिवेक्षणको लागि शिक्षा विज्ञहरूको प्राविधिक र रोस्टर बनाउँने ।

५. विद्यालय र शिक्षकहरूलाई शैक्षिक योजनाहरू SIP, Annual plan, Annual work plan, unit plan, lesson plan TIP निर्माणमा सहभागी गराउने ।

६. सबै वार्डका अगुवा विद्यालयहरूलाई वार्डभित्रका विद्यालयहरूको अनुगमन तथा सुपरिवेक्षणको जिम्मेवारी प्रदान गर्ने ।

**शिक्षक कर्मचारीको व्यवस्थापन:**

१. जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने आदर्श वाक्यलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न आधारभूत तह ६-८ र माध्यमिक तह ९-१२ मा विषयगत शिक्षक दरबन्दी मिलानलाई पहिलो प्राथमिकताका

साथ कार्यान्वयन गर्ने ।

२. आधारभूत तह ६-८ र माध्यमिक तह ९-१२ सञ्चालित विद्यालयहरूमा रहेको न्यून दरबन्दी अस्थायी रूपमा व्यवस्थापन गर्न पालिकाले आफ्नै स्रोतबाट शिक्षक दरबन्दी व्यवस्थापन गरी विद्यालयमा भएको शिक्षक अभावलाई पूरा गर्ने

३. न्यून पारिश्रमिकमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरूलाई प्रोत्साहन रकम व्यवस्था गरी राज्यले तोकेको न्यूनतम पारिश्रमिकको सुनिश्चितता गर्ने ।

४. प्रत्येक वार्डको अगुवा विद्यालयमा एक जना कम्प्युटर जनशक्ति व्यवस्थापन गरी वार्डभित्रका सबै विद्यालयहरूको IEMIS लगायतका सम्पूर्ण तथ्याङ्कहरूको व्यवस्थापन गर्ने

५. सबै माध्यमिक विद्यालयहरूमा एक विद्यालय १ नर्स कार्यक्रम अभियानलाई नगरसभाबाट पास गरी कार्यान्वयन गर्ने ।

अन्तमा हाम्रो नगरको शिक्षा विकासमा हाम्रो सक्रिय सहभागिता भन्ने आदर्श वाक्यलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरू दृढ इच्छाशक्तिको साथ अगाडि बढेमा सन्धिखर्क नगरपालिकाको शिक्षाको विकास अनुकरणयोग्य हुने अपेक्षा गर्न सकिन्छ ।

यम प्रशन्सय राजन् यं प्रशन्सय तस्करा ।
यं प्रशन्सय बान्धक्य सपार्थ पुरुषाधम ॥
(जसले सत्तासीन शासकको, तस्करको र चरित्रहीनको तारिफ गर्छ, त्यो अधम हो ।)

उद्यमेनहि सिद्धन्ति कार्याणोन मनोरथै ।
नहि सुप्तस्य सिंहस्य विपस्यन्ति मुखे मृगा ॥
(मनोरथ पूरा गर्न उद्यम गर्नैपर्छ, सुतेको सिंहको मुखमा मृग आफै आएर पस्दैन,
सिकार गर्नैपर्छ ।)

काव्य शास्त्र विनोदेन कालो गच्छति धिमताम् ।
व्यसनेन च मूर्खाणाम निन्द्राया कलहे नवा ॥
(बुद्धिमान् मानिसको समय साहित्यरस पान गरेर बित्छ भन्ने, मूर्खहरूको समय सुतेर र
झगडा गरेर बित्छ ।)

माता शत्रु पिता वैरी य नबालो नपाठित ।
नशोभन्ते सभामध्य हंशमध्य वको यथा ॥
(सन्तानलाई नपढाउने आमाबाबु शत्रुसमान हुन्छन् । शिक्षा नपाएको मान्छे सभामा
बस्दा हाँसको बथानमा वकुलो/लाटोकोसेरो जस्तो देखिन्छ ।)

# सन्धिखर्क नगरपालिकाको प्रस्तावित पञ्चवर्षीय योजना २०७७-०८२

**पृष्ठभूमी:** सन्धिखर्क नगरपालिका अर्घाखाँची जिल्लाको सदरमुकाम रहेको नगरपालिका हो। यहाँको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ४१०७१ रहेको छ भने यहाँको साक्षरता ९७ प्रतिशत छ। यहा २ वटा क्याम्पस ६८ सामुदायिक विद्यालय र १७ संस्थागत विद्यालय छन्। सबै तहका गरी सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको संख्या ४४२ छ। IEMIS २०७७ अनुसार विद्यार्थी संख्या १२३३६ छ तर केही संस्थागत विद्यालयहरूले IEMIS २०७७ मा प्रविष्ट नगरेकाले यो संख्या अझै बढ्ने कुरा स्पष्ट हुन्छ। सामुदायिक विद्यालयको पठनपाठनबाट सन्तुष्ट हुन नसकेर वा अंग्रेजी भाषा मोहका कारण केही अभिभावकहरू निजि विद्यालयतर्फ आकर्षित भएका देखिन्छन्।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जगेर्ना गर्दै प्रविधि मैत्री, गुणस्तरीय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस नगरपालिकाको ध्येय रहेको छ। नगरपालिका भित्रका बालबालिकाहरूलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन नगरपालिका प्रतिबद्ध छ।

**प्रमुख समस्याहरू:**

क. शिक्षक दरबन्दीको असमान वितरण।

ख. बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामिण क्षेत्रमा विद्यार्थीको न्यूनता।

ग. विषयगत न्यूनतम शिक्षक दरबन्दीको कमी।

घ. विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु।

ङ. विद्यालयको विकासमा समुदायको चासोको कमी।

च. विद्यार्थी केन्द्रित शिक्षणको कमी।

छ. प्रयोगशाला र पुस्तकालयको अपर्याप्तता।

**चुनौती तथा अवसरहरू:**

| चुनौती | अवसर |
|---|---|
| क. शिक्षक दरबन्दी मिलान | क. शिक्षामा भएको संघीय सरकारको लगानी |
| ख. विषयगत शिक्षकको सन्तुलित व्यवस्थापन | ख. विद्यालय भौतिक पूर्वाधारहरू |
| ग. सिकाइ उपलब्धि वृद्धि | ग. तालिम प्राप्त शिक्षकहरू |
| घ. शिक्षण विधिहरूको सन्तुलित प्रयोग | घ. शैक्षिक जनशक्ति |

**सोच:** नगरपालिकाको शैक्षिक गुणस्तरको उन्नयन गर्ने

**लक्ष्य:** विद्यार्थीहरूको सिकाइ उपलब्धि औसत ६९ प्रतिशत पुऱ्याउने।

**उद्देश्यहरू:**

क. शिक्षक विद्यार्थी अनुपात समुचित र सन्तुलित पार्ने ।

ख. प्रत्येक शैक्षिक सत्रमा औसत सिकाइ उपलब्धि २ प्रतिशतले बढाउने ।

ग. शिक्षकको क्षमता विकास गर्ने ।

घ. विद्यालयहरूको भौतिक अवस्था उपयुक्त बनाउने ।

ङ. विद्यालय अनुगमन प्रभावकारी बनाउने ।

च. विद्यालय प्रति समुदायको चासो बढाउने ।

छ. कक्षा दोहोऱ्याउने दर (१-५) मा शून्यमा झार्ने ।

ज. कक्षा छोड्ने दर (१-५) मा सून्यमा झार्ने ।

झ. खुद भर्नादर (१-५) मा १०० प्रतिशत पुऱ्याउने ।

ञ. स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामग्री निर्माण गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| क) दरबन्दी मिलान गर्ने । | क) दरबन्दी मिलान कार्यदल गठन गर्ने । |
| ख) कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने तथा वार्षिक ३ प्रतिशत भन्दा बढि सिकाइ उपलब्धी वृद्धि गराउने शिक्षक र विद्यार्थीलाई पुरस्कृत गर्ने । | ख) शिक्षकलाई पुरस्कृत गर्न वार्षिक रु २ लाख विनियोजन गर्ने । |
| ग) शिक्षक क्षमता विकासको लागि वार्षिक रु २ लाख विनियोजन गर्ने । | ग) हरेक वर्ष ४५ शिक्षकका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्ने । |
| घ) विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने । | घ) विद्यालयको भौतिक निर्माणका लागि वार्षिक रु ३० लाख विनियोजन गर्ने । |
| ङ) विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने । | ङ) प्रत्येक विद्यालयको कम्तीमा महिनामा २ पटक अनुगमन गर्ने । |
| च) विद्यालय सेवा क्षेत्रका समुदायसँग अन्तरक्रिया गर्ने, विद्यालयका लागि योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्ने । | च) विद्यालयका उत्कृष्ट योगदानकर्ता सूचीको अभिलेख नगरपालिकामा राख्ने तथा वेवसाइटमा प्रकाशन गर्ने । |
| छ) उपचारात्मक शिक्षालाई लागू गर्ने | छ) सिकाइ उपलब्धि न्यून भएका विद्यार्थी पहिचान गरी उपचारात्मक शिक्षणमा जोड दिई उनीहरूलाई कक्षोन्नतिका लागि योग्य बनाउने । |
| ज) अभिभावकहरूलाई आफ्ना केटाकेटी विद्यालयमा भर्ना गर्न र टिकाउन अभिप्रेरित गर्ने | ज) वडा स्तरमा सचेतनाका कार्यक्रम सञ्चालन गर्ने । |
| झ) स्थानीय पाठ्यक्रम निर्माण गर्ने | झ) लेखक छनोट गरी स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेख्न लगाउने |

**परिमाणात्मक स्थिति**

| क्र.सं. | लक्ष्य/गन्तव्य र सूचक | एकाइ | न.पाको आ.व २०७७/०७८ को स्थिति | न.पा. को आ.व २०८२/०८३ सम्मको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिकाइ उपलब्धि | प्रतिशत | ५९ | ६९ | |
| २ | दरबन्दी मिलान | पटक | १ | आवश्यकता अनुसार निरन्तर | |
| ३ | शिक्षाको लागि बजेट विनियोजन | रु | वार्षिक ६० लाख | वार्षिक २.५ करोड | |
| ४ | अनुगमन जनशक्ति | जना | ० | २ | |
| ५ | भौतिक निर्माण | गोटा | वार्षिक १० | वार्षिक ४० | |
| ६ | कक्षा दोहोऱ्याउने दर | प्रतिशत | ५ | ० | |
| ७ | कक्षा छोड्ने दर | प्रतिशत | ३ | ० | |
| ८ | खुद भर्नादर | प्रतिशत | ९७ | १०० | |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण | गोटा | ० | १ | |
| १० | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक | सेट | ० | ८ | |

# आर्थिक वर्ष २०७७/२०७८ का शैक्षिक गतिविधिहरू

### शिक्षकहरूको सम्पत्ति विवरण पठाइयो

शिक्षकहरूको खामबन्दी सम्पत्ति विवरण संकलन गरी विद्यालय शिक्षक किताब खाना र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाउने व्यवस्था भदौ महिनामा मिलाइएको थियो । सम्पत्ति विवरण समयमा नबुझाउनेलाइ रू ५ हजार जरिवाना लाग्ने कानुनी व्यवस्था छ ।

### स्यानिटरी प्याड वितरण

भदौ महिनामा २६२५ जना कक्षा ६-१२ मा पढ्ने स.न.पा भित्रका सामुदायिक विद्यालयहरूका विद्यार्थीलाई १६ पाकेट प्रति विद्यार्थीका दरले वितरण गरियो । त्यस्तै चैत्र महिनामा २५२३ छात्राहरुलाई प्रतिविद्यार्थी १४ पाकेटका दरले स्यानिटरी प्याड वितरण गर्ने काम भएको छ । यसबाट छात्राहरूको विद्यालय उपस्थितिको नियमितता बढ्ने, सिकाइमा सुधार हुने र उनीहरूको स्वास्थ्यमा सुधार हुने अपेक्षा गरिएको छ ।





## फिल्टर वितरण

खानेपानी शुद्धीकरणको लागि २२ वटा विद्यालयलाई फिल्टर वितरण गरियो । यसबाट दूषित पानीका कारणले लाग्ने रोगहरूको न्यूनीकरण हुने विश्वास गरिएको छ ।



## लेखापरीक्षकको सूचीकरण र नियुक्ति

सन्धिखर्क नगरपालिकाभित्रका विद्यालयहरूको आ.व २०७६/०७७ को आर्थिक कारोबारको लेखापरीक्षणका लागि योग्य लेखापरीक्षकलाई सूचिकृत गरी नियुक्त गरिएको छ र करिब ७० प्रतिशत विद्यालयहरूको लेखापरीक्षण नियुक्त भएका लेखापरीक्षकहरूबाट सम्पन्न भइसकेको छ ।

## शैक्षिक डायरी प्रकाशन

कोभिड १९ को बेला घरमै बसेर अभिभावकको सहयोगमा विद्यार्थीहरूले पढाइलाई केही मात्रामा निरन्तरता दिन सकून भन्ने ध्येयले रू १ लाखको लागतमा शैक्षिक डायरी प्रकाशन गरी वितरण गरियो ।



## कार्ययोजना स्वीकृत

कोभिड १९ का कारणले विद्यालयहरूमा पठनपाठन अवरुद्ध भएको अवस्थामा गत असौज महिनामा विद्यालयहरूले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ को परिधिभित्र रहेर विद्यालयहरूले तयार गरेका कार्ययोजना स्वीकृत गरी पठनपाठनलाई गति दिइएको थियो ।

## शुल्क निर्धारण

कोभिड १९ ले सृजना गरेको अवस्थालाई दृष्टिगत गरी संस्थागत विद्यालयले लिने शुल्क साबिकको शुल्कको ५५ प्रतिशत रकम मात्र लिन पाउने गरी शुल्क निर्धारण गरिएको थियो । यसबाट आम्दानी घटी समस्यामा परेका अभिभावकहरूलाई राहत पुगेको थियो ।

## शैक्षिक सामग्री वितरण

विद्यालयको पठनपाठन स्तरीय होओस् भन्ने हेतुले विद्यालहरूलाई नेपालको नयाँ नक्सा, थर्मल गन र चुम्बकीय लेखनपाटी वितरण गरिएको थियो । १० वटा मा.वि लाई मात्र थर्मल गन वितरण गर्न सकिएको अवस्थामा बाँकी सामुदायिक विद्यालयहरूको गुनासो सुनिन आएको र सो गुनासो मनासिव समेत भएकाले दाताको खोजी गरी सबै विद्यालयहरूलाई थर्मलगन / मेडिकल इन्फ्रारेड फोरहेड थर्मामिटर वितरण गरिएको थियो ।





## शौचालय भवन निर्माण अनुदान



६ वटा विद्यालयलाई रु ७ लाखका दरले शौचालय भवन निर्माणका लागि अनुदान दिने प्रयोजनका लागि ६ वटै विद्यालयहरूसँग सम्झौता भइसकेको छ भने निर्माण कार्य पनि ६० प्रतिशत पुरा भइसकेको छ। यीमध्ये दुईवटा शौचालयहरू छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड वितरण शीर्षकको रकम नगरकार्यपालिकाको निर्णयबाट रकमान्तर गरी निर्माण हुने भएका हुन् ।

## दिवाखाजा कार्यक्रमका लागि अनुदान

सन्धिखर्क नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा पढ्ने ० देखि ५ कक्षासम्मका विद्यार्थीका लागि प्रतिविद्यार्थी रू १५ का दरले हुन आउने रकम विद्यालयको खातामा निकासा भइसकेको छ । पुस १५ गतेदेखि दिवाखाजा कार्यक्रम सञ्चालन सुरु भएको छ । ४६२६ जना विद्यार्थीका लागि ६०कार्यदिनलाई पुग्ने गरी विद्यालयको खातामा रकम निकासा भएको छ। यसबाट विद्यार्थी विद्यालयमा थपिने, टिक्ने, उनीहरूको सिकाइस्तर सुध्रिने र उनीहरूको स्वास्थ्य सबल हुने अपेक्षा छ ।

## सम्झौता

विज्ञान प्रयोगशाला अनुदान, ICT प्रयोगका लागि अनुदान र पुस्तकालय स्थापनाका लागि अनुदानको निम्ति ५ विद्यालयहरूसँग सम्झौता भइसकेको छ र ४० प्रतिशत रकम समेत निकासा भइसकेको छ । यी प्रत्येक कार्यक्रमका लागि रू ६ लाख ५० हजार अनुदान दिइन्छ ।

## तलबभत्ता निकासा

शिक्षकहरूको दोस्रो चौमासिक तलबभत्ता निकासा भइसकेको छ ।

**राष्टपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगिता सम्पन्न**



सन्धिखर्क नगर स्तरीय छैटौं राष्टपति रनिङ्ग सिल्ड छनौट चरणका खेलकुदहरु सम्पन्न भएका छन् सो खेलमा १४ वटा माध्यमिक विद्यालयको सहभागिता रहेको थियो । भलिबल कपर्दी र एथलेटिक्स गरी तीन वटा विधाका गरी लङ्गजम्प, हाइजम्प, छेलो, र भाला फाल्ने खेल तथा क्रमश: १००, २००, ४००, ८०० र १५०० मिटरका दौडहरु सञ्चालन गरिएका थिए । सो खेल प्रतियोगिता २०७८ बैशाख ६ र ७ गते सञ्चालन गरिएका थिए ।



**४ कोठे भवन निर्माण कार्य सम्पन्न**

करिब रू ६० लाखको लागतमा जिल्ला आयोजना कार्यान्वयन एकाई (शिक्षा) अर्घाखाँची र सन्धिखर्क नगरपालिकाको सहलगानीमा निर्मित जिवनोद्धार मा वि को ४ कोठे भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।

**प्रारम्भिक बाल विकास सहजकर्तालाई प्रोत्साहन रकम निकासा**

जम्मा रू ६ हजार मासिक पारिश्रमिक पाउने प्रारम्भिक बाल विकास सहजकर्ताको करुण अवस्थालाई दृष्टिगत गरी प्रतिसहजकर्ता वार्षिक रू १८ हजारको दरले विद्यालयको खातामा प्रोत्साहन भत्ता पठाइएको छ । यसबाट केही मात्रामा उनीहरूको मनोबल सुदृढ हुने कुराको आशा गर्न सकिन्छ ।

**तलबी प्रतिवेदन पारित**

स.न.पा भित्रका सामुदायिक विद्यालयका जम्मा २३५ जना स्थायी शिक्षकहरूको शैक्षिक सत्र २०७७ को तलबी प्रतिवेदन विद्यालय शिक्षक किताबखानाबाट पारित गराइएको छ ।

IEMIS **अपडेट**

योजना निर्माणका लागि नभइ नहुने तथ्याङ्क अनलाइन प्रणालीबाट विद्यालयहरूलाई अद्यावधिक गर्न लगाइएको छ । विद्यालयमा हुने केही निकासाको आधार पनि यही IEMIS को तथ्याङ्क हुने गर्छ ।

**कार्यशाला सञ्चालन**

यस नगरपालिकाभित्रका सबै विद्यालयका प्र.अ. हरूलाई सहभागी गराई लैङ्गिक हिंसा र हानिकारक अभ्यासविरुद्ध नीतिनिर्माण कार्यशाला सञ्चालन गरिएको छ । यस कार्यशालाले लैङ्गिक हिंसा र क्षतिप्रदायक अभ्यासमा कमी आउने विश्वास गरिएको छ ।

**गौरवशाली र सकारात्मक जीवनशैलीसम्बन्धी अभिमुखीकरण**

सन्धिखर्क नगरपालिकाको सञ्चित कोषबाट पारिश्रमिक वा तलब पाउने जनप्रतिनिधि कर्मचारी शिक्षक र विद्यालय कर्मचारीको सोच सकारात्मक र जीवनशैली गौरवशाली पार्ने हेतुले अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । सो अभिमुखीकरण विज्ञ डा राजु अधिकारीबाट भएको थियो ।सहभागीहरूले सो कार्यक्रम प्रभावशाली भएको ठहर गरेका थिए ।

**विद्यालयको शुल्क/सहयोग अनुगमन**

सामुदायिक मा.वि. हरूले लिने गरेको सहयोगको आलोचना सञ्चार माध्यममा तीव्र रूपमा भए लगत्तै एउटा कार्यदलको गठन गरिएको थियो ।सो कार्यदलले थलोमै पुगी अध्ययन र अन्तरक्रिया गरी एउटा प्रतिवेदन तयार गरी पेस गरेको थियो । सो प्रतिवेदनको सुझाव खण्डमा दिइएको सुझावअनुसार नगरपालिकाले करिब १ करोड ७० लाख शिक्षाका लागि थप विनियोजन गरी विद्यालयहरूलाई थप आर्थिक अनुदान दिने हो भने विद्यालयले कुनै शुल्क वा सहयोग लिन नपर्ने अवस्था दर्साइएको छ ।

**दरबन्दी मिलान**

सन्धिखर्क नगरपालिकाको नगरशिक्षा समितिको मिति २०७७/०८/२८ को निर्णयद्वारा गठित दरबन्दी मिलान कार्यदलले प्रतिवेदन प्रस्तुत गरेको छ । सो प्रतिवेदनमा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विद्यार्थी संख्या र औचित्यको आधारमा निर्धारण गर्नको लागि सुझावको खाकासहित अन्य सुझावसमेत समावेश गरिएका छन् । प्राप्त सुझाव धेरैजसो सुझावहरूको आधारमा नगर कार्यपालिकाको निर्णयबाट दरबन्दी मिलान गरी सामुदायिक विद्यालयहरूको दरबन्दी निर्धारण गरिएको छ । १७ वटा विद्यालयहरूबाट २६ शिक्षक दरबन्दी घटेका छन् भने १८ वटा विद्यालयहरूमा ती कट्टी भएको दरबन्दी थपिएका छन् । एक विद्यालयबाट बढीमा तीनवटा दरबन्दी घटेका छन् भने एक विद्यालयमा बढीमा चार दरबन्दीसम्म थपिएका छन् । दुईवटा विद्यालयमा बालविकास सहजकर्ताको दरबन्दी घटेको छ भने दुईवटा विद्यालयमा सो दरबन्दी बढेको छ ।

**नमुना विद्यालयलाई रू ८४ लाख निकासा**

नमुना विद्यालय जनताकृष्ण मा.वि पकले र नगरपालिकाबीच विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि रू १ करोड २६ लाख ८१ हजार लागतको सम्झौता भएको छ । भने विद्यालयको खातामा रु. ८४ लाख निकासा भएको छ । स्वीकृत गुरु योजना र सम्झौताबमोजिमको निर्माण कार्यको प्रगतिको आधारमा मात्र विद्यालयले बैंकबाट रकम निकाल्न पाउने व्यवस्था मिलाइएको छ ।

**परीक्षा अनुगमन**

माध्यमिक विद्यालयमा कक्षा ११ र १२ को परीक्षा अनुगमन गरिएको थियो । परीक्षा मर्यादित र पारदर्शी ढंगबाट सञ्चालन भएको पाइएको थियो ।

**विद्यालय अनुगमन**

विद्यालयको भौतिक पक्ष, शैक्षिक पक्ष र समग्र व्यवस्थापकीय पक्षको अनुगमन गरी शैक्षिक गुणस्तर कायम गर्न योजनावद्ध ढंगबाट कार्यसम्पादन गर्न सुझाव दिइएको थियो ।

**प्रश्नपत्र ढुकुटी निर्माण**

विद्यालयमा रिक्त हुने शिक्षक दरबन्दीमा निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट पदपूर्ति गर्नका लागि प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका विषयगत र वस्तुगत प्रश्नपत्र निर्माण गर्न विज्ञ छनोट गरी प्रश्न पत्र तयार गरिएको छ ।

**दुर्व्यसनका परिणामसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन**

दुर्व्यसनका परिणामबारे युवालाई सचेतीकरण गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा सबै वडाबाट प्रतिनिधिमूलक ढङ्गबाट युवाहरूलाई सहभागी बनाई दुर्व्यसनका कारण र परिणामको जानकारी दिनुको साथै यसबाट बच्ने उपाय र यससम्बन्धी कानुनी प्रावधानबारे प्रशिक्षण दिइएको थियो ।



**नगरप्रमुखसँग विद्यार्थी**

स्वीकृत कार्यक्रमअनुसार नगरप्रमुखसँग विद्यार्थी कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा ११ वटा माध्यमिक विद्यालयका २३ जना विद्यार्थी र ११ जना शिक्षक तथा सबै वडाध्यक्षहरूको सहभागिता रहेको थियो । विद्यार्थीहरूले राखेका जिज्ञासाहरूको उत्तर नगरप्रमुखले दिएका थिए भने नगर उपप्रमुखले जिज्ञासाहरूको समष्टिगत उत्तर प्रस्तुत गरेका थिए । केही प्रश्नको उत्तर शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख उपसचिवले दिएका थिए ।



### स्थानीय पाठ्यक्रम निर्माण

नगर शिक्षा समितिले गठन गरेको कार्यदलले स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रिया सुरु गरेको छ। यस सम्बन्धी बहसहरू जारी छन् ।



### विद्यालय व्यवस्थापन समिति गठन

विद्यालय व्यवस्थापन समिति गठन गर्न बाँकी रहेका विद्यालयहरूमा शिक्षा युवा तथा खेलकुद शाखाका उपसचिवको उपस्थितिमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ। कुनै पनि विद्यालय अहिले विद्यालय व्यवस्थापन समितिविहीन छैन ।

### शैक्षिक दर्पण प्रकाशन

नगरपालिकाको शैक्षिक सूचनाहरू समावेश भएको शैक्षिक दर्पण प्रकाशनको लागि ८० प्रतिशत कार्य पुरा भइसकेको छ। यो समाचार छापिँदा शैक्षिक दर्पण मुद्रित भइसकेको हुनेछ।

अनायका विनश्यन्ति नश्यन्ति बहुनायका ।
(नेतृत्व नहुँदा पनि सामाज नासिन्छ, धेरैले नेतृत्व गरे भने पनि समाज नासिन्छ ।)

बुभुक्षितै व्याकरणम् नभुज्यते । पिपासीतै काव्य रसो नपियते ॥
(भोकाले व्याकरण खाँदैन भने तिर्खाएकोले काव्य रसपान गर्दैन ।)

अमन्त्र अक्षरो नास्ति नास्ति मूल वनौंषधम् । अयोग्य पुरूषो नास्ति योजक तत्र दुर्लभ ।
(मन्त्र नबन्ने अक्षर हुँदैन, औषधी नबन्ने जरो हुँदैन, कुनै योग्यता नै नभएको मान्छे हुँदैन । बरू संयोजनकारी भूमिका खेल्ने मान्छे दुर्लभ हुन्छ ।)

अर्थ नाशो मनोस्तापम् गृहे दुश्चरितानिच । वञ्चना अपमानश्च मतिमान् नप्रकाशयत् ॥
(धनको क्षेति, मनको ताप, जहानको चरित्रहीनता, ठगिएको अवस्था, अपमानित भएको स्थितिको वृतान्त बुद्धिमान्ले अरूलाई बताउन हुँदैन ।)

पुन वित्तम् पुन मित्रम् पुनर्भार्या पुनर्मही । येतत् सर्व पुनर्लभ्यम् नशरिरै पुनःपुनः ॥
(धन, मित्र, जोडा, जमिन, एकपटक गुमे पनि फेरि पाउन सकिन्छ तर शरीर गुमेपछि पाउन सकिन्न ।)

निदाएकोलाई जगाउन सकिन्छ तर निदाएको अभिनय गर्नेलाई जगाउन सकिँदैन ।
माछा खान दिनु भन्दा, माछा मार्ने कला सिकाउनु राम्रो हो ।
घोडालाई पानी वा दाना जुटाइदिन सकिन्छ तर किलाउन सकिन्न, उसले आफै खानुपर्छ ।

# सामुदायिक विद्यालयको शैक्षिक सत्र २०७६ को सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | वडा | सिकाइ उपलब्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९-१० | औसत |
| १ | युवावर्ष जनता रविचित्र मा.वि. | १ | ७८ | ६८ | ६६ | ६७ | ६८ | ६५ | ६४ | ६१ | ५९ | ६६.२२ |
| २ | पार्वती आधारभूत विद्यालय | १ | ७७ | ७८ | ६१ | ६० | ६५ | ५९ | ५४ | ६६ | | ६५ |
| ३ | समाज कल्याण आधारभूत विद्यालय | १ | ६३ | ७१ | ६१ | ५२ | ५७ | ५९ | ५६ | ६२ | | ६०.१३ |
| ४ | बाल आधारभूत विद्यालय | १ | ७८ | ७० | ७२ | ६८ | ६६ | | | | | ७०.८ |
| ५ | निर्मल नवज्योती सुस्तमनस्थिति विद्यालय | १ | | | | | | | | | | ० |
| ६ | बाल मन्दिर | १ | | | | | | | | | | ० |
| ७ | जनज्योति मा.वि | २ | ९१.५ | ७४.२५ | ७६.५ | ७१.७५ | ७७ | ६२ | ६३.२५ | ६२ | ५२.७५ | ८१.६ |
| ८ | भगवती मा.वि | २ | ७४ | ७५ | ७१ | ७० | ६२ | ६६ | ६४ | ७४ | ८० | ७०.६७ |
| ९ | सिद्धेश्वर बाल विकास केन्द्र | २ | | | | | | | | | | |
| १० | गंगा आधारभूत विद्यालय | २ | ८२ | ७१ | ६३ | ५६ | ५४ | ६१ | ४९ | ६१ | | ६२.१३ |
| ११ | मञ्जरी आधारभूत विद्यालय | २ | ६७ | ६४ | ५६ | | | | | | | ६२.३३ |
| १२ | बराहनेटा आधारभूत विद्यालय | ३ | ६१.५ | ५४ | ५७.५ | ४१.५ | ४२ | ४८ | ४२.५ | ६७.६ | | ५१.८३ |
| १३ | दुर्गा आधारभूत विद्यालय | ३ | ७५ | ८० | ८१ | | | | | | | ७८.६७ |
| १४ | मदरसा अहले सुन्नत फैजुरूल रसुल | ३ | | | | | | | | | | |
| १५ | संगम आधारभूत विद्यालय | ३ | ७१ | ४८ | ६७ | | | | | | | ६२ |
| १६ | टुनिपोखरा आधारभूत विद्यालय | ४ | ६३.९ | ७३.५ | ७०.४ | ५५.९ | ६२.८ | | | | | ६५.३ |
| १७ | जीवनसुधार आधारभूत विद्यालय | ४ | ८१ | ८२ | ८३ | ६० | ६० | | | | | ७३.२ |

| क्र.सं. | विद्यालयको नाम | वडा | सिकाइ उपलब्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९-१० | औसत |
| १८ | भगवती आधारभूत विद्यालय | ४ | ६५.५ | ६२.५ | ६२ | | | | | | | ६३.३३ |
| १९ | सरस्वती आधारभूत विद्यालय | ४ | ५९ | ६५ | ६२ | ५३ | ५१ | ६२ | ६४ | ६० | | ५९.५ |
| २० | कमलनयन आधारभूत विद्यालय | ४ | ७२ | ६५.५ | ५९.५ | ४७ | ५३.५ | | | | | ५९.५ |
| २१ | जीवनोद्धार मा.वि. | ५ | | | | | | ६२ | ८९ | ६३ | ५८ | ६८ |
| २२ | मथुरा नन्दराम आधारभूत विद्यालय | ५ | ८० | ७३ | ७२ | ४३ | ४९ | ५९ | ५८ | ६६ | | ६२.५ |
| २३ | रानीपोखरी आधारभूत विद्यालय | ५ | ८७ | ६० | ७८ | ६३ | ७८ | | | | | ७३.२ |
| २४ | पशुपति आधारभूत विद्यालय | ५ | ७७ | ७३ | ७३ | ७५ | ७२ | | | | | ७४ |
| २५ | गोपेश्वर आधारभूत विद्यालय | ५ | ६५ | ७६ | ७३ | ८६ | ६८ | | | | | ७३.६ |
| २६ | बलेवाङ आधारभूत विद्यालय | ५ | ६४ | ५६ | ५४ | ५६ | ५१ | | | | | ५६.२ |
| २७ | विद्याविनय आधारभूत विद्यालय | ६ | ७७ | ७२ | ६० | ५३ | ५४ | ७४ | ७८ | ७९ | | ६८.३८ |
| २८ | भृकुटी आधारभूत विद्यालय | ६ | ८० | ६० | ६२ | ५३ | ५१ | ५३ | ६२ | ६९ | | ६१.२५ |
| २९ | ने.रा. सरस्वती आधारभूत विद्यालय | ६ | ६८ | ५२ | ७६ | ५७ | ६६ | | | | | ६३.८ |
| ३० | शिव आधारभूत विद्यालय | ६ | ७५ | ५६ | ५१ | ५४ | ६० | | | | | ५९.२ |
| ३१ | जनसेवा आधारभूत विद्यालय | ६ | ६९ | ६४ | ४७ | | | | | | | ६० |
| ३२ | जोगिकुटी आधारभूत विद्यालय | ६ | ५४ | ६२ | ६१ | | | | | | | ५९ |
| ३३ | जनप्रिय आधारभूत विद्यालय | ६ | ५७ | ५२ | ६७ | | | | | | | ५८.६७ |
| ३४ | मणिपोखरा आधारभूत विद्यालय | ६ | ४९ | ६७ | | | | | | | | ५८ |
| ३५ | चन्द्रप्रभा मा.वि | ७ | ६२ | ५१ | ६३ | ५६ | ४७ | ६२ | ५५ | ६९ | ४९ | ५७.११ |

| क्र.सं. | विद्यालयको नाम | वडा | सिकाइ उपलब्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९-१० | औसत |
| ३६ | आदर्श मा.वि. | ७ | ६८ | ६३ | ४८ | ४८ | ४५ | ४२ | ४३ | ६६ | ३५ | ५०.८९ |
| ३७ | भगवती आधारभूत विद्यालय | ७ | ५३ | ६० | ६७ | ५६ | ५९ | | | | | ५९ |
| ३८ | जनजीवन आधारभूत विद्यालय | ७ | ७२ | ७७ | ६६ | ५८ | ६५ | | | | | ६७.६ |
| ३९ | मुक्ति आधारभूत विद्यालय | ७ | ६६ | ६६ | ६८ | ६४ | | | | | | ६६ |
| ४० | जनचेतना आधारभूत विद्यालय | ७ | ५३ | ५५ | ४९ | | | | | | | ५२.३३ |
| ४१ | जनता कृष्ण मा.वि. | ८ | ७९ | ८१ | ७६ | ६४ | ५६ | ६२ | ७७ | ६० | ६२ | ६८.५६ |
| ४२ | गौतम आधारभूत विद्यालय | ८ | ६७ | ६४ | ७६ | ४९ | ६३ | | | | | ६३.८ |
| ४३ | जनशान्ति आधारभूत विद्यालय | ८ | ८४ | ७७ | ७० | ५४ | ५२ | | | | | ६७.४ |
| ४४ | जनता आधारभूत विद्यालय | ८ | ८२ | ८३ | ८२ | ७८ | | | | | | ८१.२५ |
| ४५ | जीवनज्योति आधारभूत विद्यालय | ८ | ७३ | ७० | ७० | | | | | | | ७१ |
| ४६ | जनविकास आधारभूत विद्यालय | ८ | ७४ | ६५ | ८७ | | | | | | | ७५.३३ |
| ४७ | किलारा बाल विकास केन्द्र | ८ | | | | | | | | | | |
| ४८ | नवज्योति आधारभूत विद्यालय | ८ | ६५ | ६४ | ६९ | | | | | | | ६६ |
| ४९ | अर्घा रजस्थल मा.वि. | ९ | ५६ | ६५ | ४४ | ३७ | ४१ | ५० | ४७ | ५६ | ५० | ४९.५६ |
